जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक १५५ • २०८२ साल कार्तिक १८ गते मंगलबार (4 November, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-



## माओवादी संसदीय दलको नेतामा साह पुनः नियुक्त

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायत सात राजनीतिक दल एक हुनु अगावै मधेश प्रदेशमा आफ्नो पकड बनाउनका लागि माओवादीले संसदीय राजनीतिमा गलत प्रवृत्तिलाई बचाउ गर्न खोजेको आरोप लागेको छ ।

नेकपा (माओवादी केन्द्र) मधेश प्रदेश संसदीय दलको नेतामा भ्रष्टाचारसहित चारित्रिक आरोप लागेका पूर्वमन्त्रीसमेत रहेका भरतप्रसाद साहलाई पुनः नियुक्त गरेपछि अहिले माओवादीको पार्टीभित्रै व्यापक असन्तुष्टि देखिएको छ ।

संसदीय दलका नेता रहेका क्रममा साहले एक महिलासंगको चारित्रिक आरोप र मन्त्री हुँदा कार्यकर्तासंग समेत रकम असुली गरेको भन्दै भ्रष्टाचारको आरोप लागेपछि बहुमतीय प्रदेश सांसदले उनको राजीनामा माग्दै माओवादी केन्द्रको केन्द्रीय समितिसम्म उनको बारेमा छलफल भएपछि साहले बाध्यतावश राजीनामा दिएका थिए ।

उनको विरोधमा पूर्वमन्त्रीसमेत रहेकी प्रदेश सांसद सुनिता यादवले कडा रुपमा प्रतिवाद गर्दै राजीनामा मागेकी थिइन् ।

साहले राजीनामा दिएको लामो समय वित्दा पनि संसदीय दलको नेताको पद भने रिक्त नै रहेको थियो ।

तर कार्तिक २२ गते विभिन्न सात राजनीतिक दलसंग पार्टी एकता गर्न लागेपछि माओवादीले साहलाई सोमबार पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले मधेश प्रदेशसभामा दलको नेता पुनः नियुक्त गरेका छन् ।

पुनः नियुक्त भएका संसदीय दलका नेता साहले केही समय अघि नेकपा एमाले, लोसपा, जसपाका केही नेताहरुसंग मिलेर नेपाल-भारत सीमावर्ती क्षेत्र अवस्थित भारत विहार प्रदेशको सुरसण्डमा मध्यरातमा वैठक बसेर मुख्यमन्त्रीसमेत बनिसकेका थिए । तर एक्कासी लोसपालगायतका दलले सार्वजनिक रुपमा समर्थन नगरेपछि उनको मुख्यमन्त्री बन्ने योजना असफल भएको थियो ।

### 'नेताहरुको मुख थुनेर चुनाव हुन्छ भने परिकल्पना गर्नु गलत'

# भाषा साहित्यमा कवि विद्यापतिको योगदान अतुलनीय : महन्थ ठाकुर

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले देशमा चुनाव भयो भने भाग लिने बताएका छन् ।

जनकपुरधाममा सोमबार विद्यापति स्मृति पर्व २०८२ को सहभागी हुने क्रममा अध्यक्ष ठाकुरले सञ्चारकर्मीहरुसंग कुराकानी गर्दै चुनावको बारेमा अहिले पनि संशय कायम नै रहेकाले चुनाव भयो भने मात्रै भाग लिने स्पष्ट पारे ।

अध्यक्ष ठाकुरले भने, 'चुनाव भयो भने नि भाग लिने हो । तर चुनाव हुन्छ भन्नेमा अहिले पनि संशय छ । जतातताै लुटपाटको अवस्था छ, चुनावी वातावरण तयार भएको छैन । सिंहदरवार, सर्वोच अदालत जस्ता राष्ट्रिय सम्पतिहरु जलेको छ ।'

उनले न्याय दिने निकायले नै न्यायका लागि उजुरी लिएर प्रहरी कहाँ गएको छ भन्दै यस्तो अवस्थामा चुनाव कसरी हुने भनेर सञ्चारकर्मीलाई नै प्रतिप्रश्न गरे ।

उनले नेताहरु अहिले बाहिर निस्कने अवस्था नरहेको भन्दै नेताहरुको मुख थुनेर चुनाव हुन्छ भने परिकल्पना गर्नु गलत हुने बताए ।

उनले भने, 'चुनाव भयो भने नेताहरुले नै आ–आफ्नो विचार राख्ने हो । त्यसैले सरकारले यसकालागि वातावरण तयार गर्नुपर्छ ।' अध्यक्ष ठाकुरले लिगल बोडी अहिले पनि प्रतिनिधिसभा नै रहेको भन्दै आफूहरु प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा रहेको बताए ।

त्यस्तै विद्यापति स्मृति पर्व समारोहमा बोल्दै अध्यक्ष ठाकुरले महाकवि विद्यापति बहुआयामिक व्यक्तित्व भएको भन्दै विश्व साहित्यमा उनको स्थान महत्वपूर्ण रहेको बताए । उनले समाजका सबै वर्गले विद्यापतिलाई सम्मान गरेको भन्दै उनी हाम्रो हुनुमा हामीलाई गर्व रहेको बताए ।

अध्यक्ष ठाकुरले विद्यापतिका रचना कालजयी भएकाले धेरै भाषाका साहित्यकारले आफ्नै भाषाका महाकविको रुपमा स्वीकार गरेको बताए ।

अध्यक्ष ठाकुरले मैथिली सहितका भाषा सहित्यमा कवि कोकिल विद्यापतिको योगदान अतुलनीय रहेको बताए । उनले विद्यापतिको योगदान मैथिलीका साथै हिन्दी, अवहट्ट, प्राकृत, बंगाली, उडिया सहितको भाषामा रहेकालाई उनको नाम सबै भाषाभाषीहरुले सम्मानका साथ लिँदै आएको बताए ।



उनी अन्य भाषामा सहित्य लेखन गरेपनि उनको मुल भाषा मैथिली नै रहेकोमा सबै मैथिली भाषी गौरवान्वित हुनुपर्ने बताए । भाषा साहित्यमा कवि विद्यापतिको योगदान अतुलनीय रहेको स्मरण गरे ।

मैथिली भाषा नेपालमा बोलिने भाषाहरुमध्ये दोस्रो स्थानमा रहे पनि रोजीरोटीको भाषा बन्न नसक्दा समुचित विकास हुन नसकेको बताए ।

अध्यक्ष ठाकुरले मैथिली भाषालाई रोजीरोटीको भाषा बनाउन सरकारसंग माग गरे ।

उनले मैथिली भाषालाई रोजगारीसँग जोडेको खण्डमा मात्र विद्यापतिप्रतिको सच्चा श्रद्धाञ्जली हुने बताउँदै यसका लागि प्रदेश सरकारले काम गर्न जरुरी रहेको बताए ।

त्यस्तै मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले विद्यापतिका हरेक रचना विश्वका साहित्यकारका लागि धरोहर भएको बताउँदै शिवका महाभक्त भएका कारणले कार्तिक धवल त्रयोदशीका दिन उनको परिनिर्वाण भएको स्मरण गरे ।

उनले "देशिल बयना सवजन मिठा" शब्दले नै विद्यापतिको महान् दीर्घकालीन सोचलाई उजागर गर्ने काम भएको बताउँदै उनमा भएको अद्भूत प्रतिभाका कारणले विश्व साहित्यले धेरै ग्रन्थहरू प्राप्त गर्नमा सफल भएको बताए ।

मुख्यमन्त्री सोनलले कुनै पनि भाषाको सम्मान भएमा मात्रै सो भाषामा साहित्य सृजना गर्नेको सम्मान हुने भन्दै मैथिली भाषाको सम्मानका लागि प्रदेश सरकारले कामकाज गर्ने बताए ।

उनले मैथिली भाषाको सम्मान भएमा महाकवि विद्यापतिको सम्मान अग्रस्थानमै रहेको चर्चा गरे ।

त्यसैगरि मधेश प्रदेश सभाका निवर्तमान प्रदेश सभाका सदस्य परमेश्वर साहले मैथिली भाषा तथा साहित्यको समृद्धि र विकासका लागि रोजगारीसँग जोड्न जरुरी रहेको बताउँदै प्रदेश सरकारले मैथिलीलाई कामकाजको भाषाको रुपमा वैधानिक निर्णय गर्नका लागि माग गरे ।

विद्यापति स्मृति पर्व समिति समारोह समितिका अध्यक्ष त्रिदेव मिश्रको अध्यक्षतामा भएको सो कार्यक्रममा विद्यापति ट्रष्टका पूर्वअध्यक्ष चन्द्रमोहन चौधरी, जिउँदो शहीद रामानन्द चौधरी, लोसपाका प्रवक्ता डा. आभाष लाभ (ललन) र प्राध्यापक अवधेश चौधरी सहितका वक्ताहरूले विद्यापतिका विषयमा बोलेका थिए ।






# किराँती नेतृत्वको समाजवादी मोर्चा माओवादी केन्द्रमा समाहित



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बाट छुट्टिएर गोपाल किराँतीको नेतृत्वमा गठन भएको देशभक्त समाजवादी मोर्चा झण्डै आठ वर्षपछि माओवादी केन्द्रमै समाहित भएको छ।

माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र मोर्चाका अध्यक्ष किराँतीले सोमबार पार्टी एकतासम्बन्धी सहमतिपत्रमा हस्ताक्षर गर्नुभयो।

मुलुकको पछिल्लो परिस्थितिलाई सही दिशा दिन क्रान्तिकारीबीच एकता र ध्रुवीकरण अनिवार्य भएको सहमतिपत्रमा उल्लेख छ । दुई पार्टीबीच विगतमा भए गरेका वैचारिक-राजनीतिकएवंसाङ्गठनिक गल्ती कमजोरीको वस्तुनिष्ठ

> माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल "प्रचण्ड" र मोर्चाका अध्यक्ष किराँतीले सोमबार पार्टी एकतासम्बन्धी सहमतिपत्रमा हस्ताक्षर गर्नुभयो ।

समीक्षा गर्ने, किरातीद्वारा विकसित देशभक्तिपूर्ण पहिचानसहितको समाजवादी लोकतन्त्रबारे पार्टीमा व्यवस्थित छलफल गर्दै पूर्ण जनवादका आधारमा निर्णय लिने सहमति भएको छ।

तत्कालीन अवस्थामा माओवादी केन्द्र र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीचको एकताप्रति असन्तुष्टि देखाउँदै नेता किराँतीले माओवादी केन्द्र परित्याग गरी नयाँ दल गठन गर्नुभएको थियो ।रासस

# मतदाता नामावली दर्ता गराउन युवा उत्साहित

काठमाण्डु । भदौ २३ र २४ गते भएको युवाहरुको प्रदर्शनपछि आगामी निर्वाचनमा मतदाता नामावली दर्ता गराउनेको चाप बढ्दै गएको छ।

यसमध्ये ९० प्रतिशत युवाहरु रहेका छन्।

जिल्ला निर्वाचन कार्यालय भरतपुरमा मतदाता नामावली दर्ता गर्न आउने युवामा आशा पलाएको पाइएको छ । भरतपुर महानगरपालिका-५ का शमिर शर्मा आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि मतदान गर्नका लागि नामावली दर्ता गराउन आउनुभयो । युवा पुस्ताको आन्दोलनपछि उहाँमा केही आशा पलाएर मतदाता नामावलीमा नाम दर्ता गराउन आउनुभएको हो । उहाँले भन्नुभयो "युवाहरु भएपछि केही गरौ, कोही राम्रो मान्छे उम्मेदवार भएमा मतदान गरेर विजयी गराउन मतदाता नामावलीमा नाम गर्दा गरएको हुँ।"

युवाको विषयमा सोच्ने नेतृत्व चयनका लागि मतदान गर्ने उहाँले बताउनुभयो । सञ्चुकुमारी तामाङ पहिलो पटक मतदान गर्ने योजनाका साथ मतदाता नामावलीमा नाम दर्ता गराउनु आउनुभएको छ । युवा पुस्ताका लागि केही



सोच्ने नेतृत्वका लागि मतदान गर्ने योजनासहित मतदाता नामावलीमा नाम दर्ता गराएको उहाँले बताउनुभयो । अहिलेसम्म युवाको बिषयमा सोच्ने नेतृत्व नहुँदा मतदाता नामावलीमासमेत नाम दर्ता नगराएको उहाँको भनाइ छ।

लामो समय विदेशमा बसेर स्वदेश फर्कनु भएका दीपक पन्त आफ्नो श्रीमतीसहित मतदाता नामावलीमा नाम दर्ता गराउनुभयो । अब देशमा केही हुन्छकी भन्ने आशाका साथ मतदाता नामावलीमा नाम दर्ता गर्न आएको उहाँले बताउनुभयो। पटक-पटक बिदामा स्वदेश आउँदासमेत नामावली दर्ता गर्ने चाहना नभए पनि अहिले ऊर्जा बढेको उहाँको भनाइ छ।

जिल्ला निर्वाचन कार्यालय भरतपुरमा ३ हजार ५२९ जना नयाँ मतदाता थपिएका छन् । कायालयले असोज ९ गतेदेखि नयाँ मतदाता नामावली सङ्कलनको काम सुरु गरेको हो। कार्यालयका प्रमुख भीमसेन कार्कीका अनुसार तीन हजार ५२९ जनाले नामावली दर्ता गराएका छन् । जसमध्ये ५२९ जना जिल्ला बाहिरका रहेका छन् । नामावली दर्ता गर्नेमा ९० प्रतिशत २५ वर्ष मुनिका रहेका छन्,भने १० प्रतिशत २५ वर्ष माथिका रहेका छन्।

आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचनका लागि मतदाता नामावली सङ्कलनको काम भइरहेको हो । नामावली सङ्कलनको काम कात्तिक महिनाभर मात्रै हुने छ। यसरी नामावली दर्ता गर्न आउनेमा स्वतःस्फूर्त आएको पाइएको उहाँले बताउनुभयो।

उहाँका अनुसार अहिलेसम्म राजनीतिक दलहरुले कार्यकर्तालाई ल्याएका छैनन् । उहाँले भन्नुभयो "दलहरुले गाडीमा ल्याउने गरेका थिए। तर अहिले त्यस्तो छैन। आएका मतदाता स्वतस्फूर्त आएका हुन ।" विसं २०७९ को निर्वाचनमा चितवनमा चार लाख २१ हजार ३९२ मतदाता थिए ।रासस

## पश्चिमी वायुको प्रभाव कायमै

काठमाण्डु। नेपालमा हाल पश्चिमी वायुको प्रभाव कायमै रहेकाले केही पहाडी तथा हिमाली क्षेत्रमा हल्का वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

विभागकाअनुसार देशका पहाडी भू-भागमा आशिंक बदली रहनेछ। यसैगरी धेरै जसो स्थानमा मौसम मुख्यतया सफा रहनेछ। कोशी, गण्डकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना छ।

बङ्गालको खाडीमा विकसित 'मोन्था चक्रवातका' का कारण वर्षा हुँदा केही दिन जनजीवन प्रभावित भएको थियो। हिमाली क्षेत्रमा वर्षासँगै हिमपातसमेत भएको थियो। हिमपातका कारण मनाङ्गो डिस्याङ गाउँपालिका-९ स्थित तिलिचो तालको आधार शिविरमा आन्तरिक तथा बाह्य गरी १३ जना पर्यटक फसेका थिए। उनीहरुलाई सशस्त्र प्रहरीको पर्वतीय उद्धार तालिम केन्द्र शिक्षालय मनाङको टोलीले उद्धार गरेको थियो।

राष्ट्रिय विपद् तथा जोखिम न्यूनीकरण तथा व्यववस्थापन प्राधिकरणका अनुसार यही कात्तिक १५ गते बिहानदेखि १६ गते बिहानसम्म देशभरका ३०१ वर्षा मापन केन्द्रमा वर्षाको विवरण मापन गरिएको थियो । त्यसमध्ये १८५ वटा वर्षा मापन केन्द्रले उल्लेख्य मात्रामा वर्षाको विवरण उपलब्ध गराएको छ।

तीमध्ये सबैभन्दा बढी वर्षा लमजुङको बेंसीशहर केन्द्रमा ७१ दशमलव १ मिलिमिटर वर्षा भएको थियो ।रासस

## पहिरोमा पुरिएकी विदेशी पर्यटक फेला परिनन्

गोरखा। मनास्लु क्षेत्रमा गत शुक्रबार पहिरोमा पुरिएकी एक विदेशी महिला पर्यटक चार दिनसम्म भेटिएकी छैनन्। मनास्लु भ्रमणबाट फर्कँदै गर्दा गत शुक्रबार चुमनुब्री-३ न्याकफेदी नजिकै पहिरोमा पुरिएकी चेक रिपब्लिककी ५४ वर्षीया क्याटरिना रास्कोभा सोमबार अपराह्नसम्म फेला नपरेको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीको संयुक्त टोलीले लगातार दुई दिनसम्म खोज्दा पनि फेला पार्न नसकिएको प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले बताउनुभयो ।ठाउँठाउँमा झरेको पहिराका कारण उद्धारकर्ता शुक्रबार र शनिबार घटनास्थलसम्म पुग्न सकेका थिएनन्। पहिरो पन्छाउँदै सो टोली आइतबार घटनास्थल पुगेको थियो। उनीसँगै पदयात्रामा गएका श्रीमान् र पथप्रदर्शकले भने भागेर ज्यान बचाएका थिए ।रासस

# ऐतिहासिक ब्रह्मा मन्दिरमा मूर्ति पुनःस्थापना



काठमाण्डुकाठमाडौंमहानगरपालिका-८ जयवागेश्वरीस्थित गायत्री मार्गमा रहेको छैटौं शताब्दीको ऐतिहासिक ब्रह्मा मन्दिरमा मूर्ति पुनःस्थापना गरिएको छ।

काठमाडौँ महानगरपालिका सम्पदा तथा पर्यटन समिति संयोजक एवं वडा नं ८ का वडाअध्यक्ष आशामान सङ्गत, महानगरपालिकाका नगरउपप्रमुख सुनिता डङ्गोलले आज विधिपूर्वक पूजा गरी उक्त मूर्ति पुनःस्थापना गर्नुभएको हो । छैटौं शताब्दीमा बनेको ऐतिहासिक ब्रह्मा मन्दिरको मूर्ति विगत ४० वर्षदेखि प्रहरी वृत्त गौशालामा राखिँदै आएकामा आजदेखि ब्रह्मा मन्दिरमा पुनःस्थापना गरिएको वडाध्यक्ष सङ्गतले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "संरक्षणको अभावमा मूर्ति ४० वर्षदेखि गौशाला प्रहरी वृत्तमा राखिएको थियो । आज हामीले मूर्तिलाई मन्दिरमा पुनःस्थापना गरेका छौं ।" काठमाडौं महानगरपालिका-८ स्थित विश्वसम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्र गायत्री मार्गमा रहेको दुईतले मन्दिरमा बाजागाजा र बग्गीसहितको ऱ्यालीले आज मूर्तिलाई मन्दिरमा पुनःस्थापना गरेको छ।

छैटौं शताब्दीमा निर्माण भएको ब्रह्माको उक्त चतुरमुख मूर्तिसहितको ऐतिहासिक मन्दिर १९९० सालको भूकम्पभन्दा अगाडि नै भत्किएपछि भग्नावशेष मात्र रहेकाले मूर्ति पनि चोरी भएको र पछि उक्त मूर्ति धोबीखोलामा भेट्टाइएको थियो।

उक्त मूर्ति ४० वर्षदेखि गौशाला प्रहरी वृत्तमा राखिएको वडाध्यक्ष सङ्गतले बताउनुभयो । विसं २०७२ वैशाख १२ को भूकम्पले जीर्ण बनाएको उक्त मन्दिरलाई काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले पुनःनिर्माणका लागि शिलान्यास गर्नुभएको थियो। ब्रह्मा मन्दिर ईँट्टा माटो र काठबाट निर्मित मन्दिर दुईतलाको प्यागोडा शैलीमा निर्माण गरिएको छ ।रासस

## अक्टोबरमा मात्रै एक लाख २८ हजार पर्यटक नेपाल भित्रिए

काठमाण्डु। यस वर्षको अक्टोबर महिनामा एक लाख २८ हजार ४४३ जना पर्यटकले नेपाल भ्रमण गरेका छन्। यो महिना पर्यटकीय यामसमेत भएकाले पर्यटकको आवागमन उल्लेख्य देखिएको छ।



नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको तथ्याङ्कअनुसार, दक्षिण एशियाबाट २९ हजार ६०, एशियाका अन्य देशबाट २३ हजार १२७, यूरोपबाट ४० हजार ५००, ओसियाना छ हजार ८१४, अमेरिका १६ हजार ४०७, मध्यपूर्व तीन हजार ५४८, अफ्रिका ४४३ र अन्य देशबाट आठ हजार ४४४ पर्यटक नेपाल आएका छन् ।बोर्डका अनुसार, गत जनवरीदेखि अक्टोबरस्म्म कूल नौ लाख ४३ हजार ७१६ जना पर्यटक नेपाल आएका छन् ।अक्टोबरमा भारतबाट १७ हजार, २९८ पर्यटक नेपाल आएका थिए। यसैगरी अमेरिकाबाट १३ हजार २८६, बेलायतबाट आठ हजार ७१८, चीनबाट छ हजार ७५५, जर्मनीबाट छ हजार ३६६, अष्ट्रेलियाबाट छ हजार १७७ जना नेपाल भ्रमणमा आएका थिए। यसैगरी, श्रीलङ्काबाट पाँच हजार ५३५, फ्रान्सबाट पाँच हजार ४५, बङ्गलादेशबाट चार हजार ६४१ र म्यानमारबाट तीन हजार ३८ पर्यटक नेपाल भ्रमणमा आएका थिए ।रासस

## दैनिक एक हजार थान राहदानी उपलब्ध गराइने

काठमाण्डु। राहदानी विभागले दैनिक एक हजार थान राहदानी वितरण गरिने स्पष्ट पारेको छ।

विभागले सोमबार साँझदेखि दैनिक (सार्वजनिक विदाको दिन बाहेक) राहदानी उपलब्ध गराउने जनाएको हो। विभागले विद्युतीय राहदानी आपूर्तिका लागि नयाँ आपूर्तिकर्तासँग गत साउनमा खरिद सम्झौता गरिसकेको र उक्त सम्झौताअनुसार आगामी फागुन ११ देखि राहदानी सेवा सुरु हुने गरी नयाँ पूर्वाधार तथा प्रणाली निर्माण भइरहेको आज जारी विज्ञप्तिमा उल्लेख गरेको छ।

नयाँ आपूर्तिकर्ता र हालको आपूर्तिकर्ताबीच हुने सङ्क्रमणकालीन अवस्था (ह्याण्डओभर र टेकओभर) तथा राहदानी पुस्तिकाको सीमित सङ्ख्या र सेवाग्राहीको उच्च मागलगायतका कारणले राहदानी वितरणमा केही समस्या हुन गएको विभागले जनाएको छ।

उक्त अवधिसम्म राहदानीको अभाव नहुने व्यवस्था गर्न आवश्यक पहल भइरहेको र अर्को सूचना नभएसम्मका लागि अत्यावश्यक पर्ने सेवाग्राहीले मात्रै राहदानीका लागि आवेदन गर्न विभागले सबैलाई आग्रह गरेको छ। राहदानीका विषयमा अनधिकृत व्यक्तिको भर नपर्न, त्यस्ता व्यक्तिबाट हुन सक्ने ठगीबाट सावधान रहन विभागले ध्यानाकर्षण गराएको छ ।रासस


### राहदानी हरायो

मिती २०८२।०६।२१ गते घरबाट जनकपुर सम्म जादै गर्दा मेरो निम्न बेहोरा भएको राहदानी हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्म ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछौ।

**नाम : विकाश पाण्डे**
**ठेगाना : लोहारपट्टी न.पा.-७, भ्रमरपुरा, महोत्तरी**
**राहदानी नम्बर : PA०१५६६७२**
**मो.नं. :९८२७८००१७७**

### मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. २, कल्पना बछारको गल्लीमा घरको अगाडि Parking गरिराखेको अवस्थाबाट मिति २०८२/०७/१४ गते करिब राति ०१:०० बजे म.प्र. ०२-००८ प ३७७४ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DHXPRE31569 चेचिस नम्बर MD2A11CX2RPE61542 को बजाज कम्पनीको Pulser 150 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः संतोष कुमार यादव**
**ठेगानाः जनकपुरधाम उ.म.न.पा.-२**
**मो. नं. ९७०९१०१५२४**


## प्रहरी महानिरीक्षक खापुङ्गद्वारा किरिया पुत्री भवन शिलान्यास

काठमाण्डु । प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ्गले नेपाल प्रहरी कल्याण कोषको कल्याणकारी कार्यक्रमअन्तर्गत निर्माण हुने किरिया पुत्री भवनको सोमबार शिलान्यास गर्नुभएको छ।

उक्त अवसरमा प्रहरी महानिरीक्षक खापुङ्गले नेपाल प्रहरीका बहालवाला र अवकाश प्राप्त प्रहरी कर्मचारीहरूलाई सहजता प्रदान गर्न भवन निर्माण गर्न लागिएको बताउनुभयो ।आगामी दिनमा भवन निर्माणका साथै भवनबाट प्रवाह हुने सेवालाई थप परिष्कृत गर्दै लैजानुपर्नेमा उहाँले जोड दिनुभयो।

नेपाल प्रहरीका बहालवाला र अवकाश प्राप्त प्रहरी कर्मचारीहरूलाई लक्षित गरी दुःखद निधन हुँदा आशौच बार्ने संस्कार (किरिया पुत्री) का लागि काठमाडौं महानगरपालिका-३ स्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जका नाममा रहेको जग्गामा किरिया पुत्री भवन निर्माण गर्न गत भदौ १९ गते बसेको नीतिनिर्माण समितिको बैठकले निर्णय गरेको थियो । रासस


### ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | पढाईलेखाईमा समय दिन नसक्दा अरु भन्दा पछि परिने चिन्ताले सताउनेछ। |
| वृष : | समय शुभ रहनेछ, विभिन्न सहयोग र उपहार पाइनेछ। |
| मिथुन : | विवादित विषयहरुबाट निचोड तपाइकै पक्षमा आउनेछ। |
| कर्कट : | राजनीतिमा प्रतिस्पर्धीहरु हावी हुनेछन्। |
| सिंह : | आफन्ततथाअग्रजहरुसंगविवादहुनेछ। |
| कन्या : | धार्मिक तथा आध्यात्मिक क्षेत्रमा मन जानेछ। |
| तुला : | व्यापरमा प्रशस्त आम्दानी हुने हुँदा आर्थिक स्थिति सुदृढ हुनेछ। |
| वृश्चिक : | पिसाब सम्बन्धी रोग एक्कासी देखा पर्न सक्छ। |
| धनु : | आफन्त व्यक्तिसंगै विवाद पर्ने सम्भावना छ। |
| मकर : | परिवारका साथ रहेर मिष्टान्न भोजन लिने अवसर मिल्नेछ। |
| कुम्भः | यात्रामा झण्झट, लेनदेन गर्दा ज्यादा घाटा पर्नेछ। |
| मीन : | नवीन कार्यको थालनी गर्दा राम्रो, राम्रा हुनेछन्। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


### महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सप्तरीको राजविराजमा सोमबार बिहान लागेको कुहिरो । कात्तिक महिनाको दोस्रो हप्ता देखि यहाँ जाडो बढेको छ । *तस्विर : रासस*

# निर्वाचनमय वातावरण बनाउन सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण हुन्छ : कार्यवाहक प्रमुख आयुक्त



काठमाण्डु । निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले मुलुकमा निर्वाचनमय वातावरण बनाउन सञ्चारमाध्यमको महत्त्वपूर्ण भूमिका हुने बताउनुभएको छ ।

आयोगको कार्यालयमा सोमबार राष्ट्रिय समाचार समिति (रासस) को व्यवस्थापन र राससकर्मीसँग आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनका सन्दर्भमा छलफल गर्दै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले विकट क्षेत्रका हरेक पेसाका नागरिकसम्मलाई सही सूचना दिएर निर्वाचनको महत्त्व र आवश्यकताबारे प्रचारप्रसार गर्न आग्रह गर्नुभयो ।

"मुलुकमा निष्ठापूर्वक निर्वाचन सम्पन्न हुने वातावरण सृजना गर्न र त्यसरूपमा निर्वाचन भएको सन्देश देश विदेशमा फैलाउन राससजस्ता समाचार समितिको अझ बढी भूमिका रहन्छ । त्यस काममा विगतमा झैँ रासस अग्रसर हुने विश्वास आयोगले लिएको छ", कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भन्नुभयो, "अहिलेको निर्वाचन विशेष परिस्थितिको निर्वाचन भएकाले यस पक्षलाई मनन् गरेर निर्वाचन तयारी, सुरक्षा, मतदाता शिक्षालगायत विषयमा सही समाचार दिन उत्तिकै आवश्यक छ ।"

निर्वाचन आयुक्तहरू डा जानकीकुमारी तुलाधर, सगुनशमशेर जबरा, आयोगका सचिव माहादेव पन्थसहित सहभागी छलफलमा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गराउने सन्दर्भमा आयोग र राससबीचको सहकार्य बढाउने विषयमा छलफल भएको थियो । सो अवसरमा राससका महाप्रबन्धक सन्दीप राईले लोकतन्त्रको प्राणका रूपमा रहेको निर्वाचनको वातावरण बनाउन राससले आफ्नो ठाउँबाट निरन्तर भूमिका निर्वाह गर्दै आएको बताउनुभयो ।

छलफलमा आयोगका सहसचिवहरू नारायणप्रसाद भट्टराई, यज्ञप्रसाद भट्टराई, राजेन्द्र केसी, राससका लेखाशाखा प्रमुख रुद्रमणि अधिकारी, प्रमुख समाचारदाता नारायणप्रसाद न्यौपाने, वरिष्ठ समाचारदाता प्रकाश सिलवाललगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# माओवादी केन्द्रका संयोजक दाहाल र नेकपा एसका अध्यक्ष नेपालबीच छलफल



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालबीच छलफल भएको छ ।

एकीकृत समाजवादीको केन्द्रीय कार्यालयमा सोमबार भएको छलफलमा यही कात्तिक १९ गते भृकुटीमण्डपमा हुने एकता राष्ट्रिय सम्मेलनको तयारी, आठ वाम शक्तिको एकतासभा, घोषणापत्र, अन्तरिम विधान पारित, केन्द्रीय समितिको गठनलगायतका विषयमा कुराकानी भएको एकीकृत समाजवादीका नेता ताजमोहम्मद मियाँले जानकारी दिनुभयो ।

मुलुकमा पछिल्लो विकसित राजनीतिक घटनाक्रमका वामपन्थी ध्रुवीकरण, राष्ट्रिय तथा अन्तरराष्ट्रिय राजनीतिक परिस्थितिबारे समीक्षा गरिएको मियाँले बताउनुभयो ।दुई पार्टीका प्रमुखबीचको भेटघाटमा माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीबीच भएका सहकार्य तथा वाम एकतापछिको सैद्धान्तिक आधार र प्रक्रियागत विषयमा समेत छलफल भएको थियो । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायत आठ वाम पार्टीबीच एकीकरण गर्ने सैद्धान्तिक सहमतिपछि भएको छलफलमा अन्य कम्युनिष्ट शक्तिलाई एकताबद्ध गर्न भएका प्रयास, अन्तरराष्ट्रिय तहमा शक्ति राष्ट्रबीच भएका युद्ध र त्यसको प्रभावबारे छलफल गरिएको जनाइएको छ ।रासस

# अझै रोकिएन असुरक्षित गर्भपतन : आफूखुसी औषधि नखाऔँ



काठमाण्डु । बागलुङमा पछिल्लो समय सुरक्षित स्वास्थ्य सस्थाबाट नै गर्भपतन सेवा लिनेको सङ्ख्या बढ्दो छ । प्रदेश जनस्वास्थ्य कार्यालयको तथ्याङ्क अनुसार गत आर्थिक वर्षमा एक हजार ६४ जना महिलाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा सुचीकृत स्वास्थ्य सस्थामार्फत् सेवा लिएका थिए । सेवा लिएका मध्ये २७ जना २० वर्ष मुनिका रहेका बताइएको छ। आव २०८०/ ८१ मा एक हजार १५२ जनाले सुरक्षित गर्भपतन सेवा लिएका थिए ।

अर्कोतर्फ अझै पनि 'लाज र डर'का कारण औषधि मार्फत् ज्यान जोखिममा पारेर असुरक्षित गर्भपतन गराउने कायम रहेको छ । यस्ता सेवा लिनेमा किशोरी र सम्बन्धविच्छेद गरेका महिला समेत छन् । जिल्लाका १० स्थानीय तहका २६ स्वास्थ्य संस्थाले सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने गर्दछन् । ती मध्ये बागलुङमा ३ , गलकोटमा चार , जैमिनीमा दुई , ढोरपाटनमा तीन , काठेखोलामा ७ , निसीखोलाा दुई , तमानखोलामा एक , ताराखोलामा दुई , बडिगाडामा एक र बरेङको एउटा स्वास्थ्य संस्था छन् । असुरक्षित यौन सम्बन्ध र अनिच्छित गर्भको कारण सेवाग्राहीले सूचिकृत स्वास्थ्य सस्थाबाट गर्भपतन सेवा लिने जनाइएको छ ।

कार्यालयका सूचना अधिकारी देवप्रकाश घिमिरेले चालु आर्थिक वर्षको तीन महिनामा १७२ जनाले सूचिकृत स्वास्थ्य सस्था मार्फत् गर्भपतन सेवा लिएको जानकारी दिनुभयो । उहाँका अनुसार जसमा २० वर्ष मुनिका छ जना रहेका छन् ।

सूचिकृत स्वास्थ्य संस्थामा भन्दा अन्यत्र गर्भपतन सेवा लिने जिल्लामा कायमै रहेको जनाइएको छ । सूचना घिमिरेले भन्नुभयो, "कतिपयले आफ्नो स्वास्थ्य नै जोखिममा पर्ने गरी असुरक्षित गर्भपतन गराउने गरेको छन् । धेरै समस्या भएपछि सूचिकृत स्वास्थ्य सस्थामा आउने सेवाग्राही समेत हुन्छन् ।"

बुर्तिबाङ अस्पतालकी नर्सिङ अधिकृत निरीक्षक पार्वती अर्यालले सूचिकृत स्वास्थ्य सस्थामा दोहोरिएर गर्भपतन सेवा लिन आउनेको पनि सङ्ख्यामा बृद्धि भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्ला समय परिवार व्यवस्थापनका लागि स्थायी तथा अस्थायी साधन प्रयोग नगर्दा पछिल्लो समय गर्भपतन गराउने महिलाको सङ्ख्या मा बृद्धि भएको हो । अस्पतालमा अविवाहित किशोरी पनि गर्भपतन सेवाका लागि अस्पतालमा आउने गरेको जनाइएको छ । "उमेर पुगेका महिलादेखि अविवाहित किशोरी र अन्य महिला पनि गर्भपतन सेवा लिन आउनुहुन्छ, अशिक्षा र असाबधानीका कारण गर्भपतन गराउनुपर्ने बाध्यतामा उनीहरु हुन्छन्" उहाँले भन्नुभयो "असुरक्षित रुपमा गर्भपतन गराउनेको सङ्ख्यामा अहिले केही कमी आएको छ, तर अस्पताल बाहिर असुरक्षित रुपमा गर्भपतन गराउनेहरु पनि हुन्छन्, लाज र डरले गर्दा उनीहरु अस्पताल आउँदैनन्, औषधि खाएर गर्भपतन गराउँदछन् ।"

औषधि पसलमा जथाभावि पाइने गर्भपतनका अनाधिकृत औषधि उपयोग गर्दा महिलाको ज्यान समेत जोखिममा पर्ने गरेको छ । औषधि व्यवस्था विभागले सूचीकृत गरेका औषधि पसलमा मात्र गर्भपतनका औषधि बिक्री गर्न पाइन्छ । तर अनाधिकृत औषधि पसलमा यस्ता औषधि बिक्री वितरण नरोकिएको बताइएको छ ।

**पटक पटक गर्भपतन गराउादा स्वास्थ्यमा समस्या**

बजारमा केही स्वास्थ्य संस्थाहरुले अनुमति नलिई असुरक्षित गर्भपतन गराउने र औषधि प्रयोग गर्ने गरेको पाइन्छ । यसले महिलाको स्वास्थ्यमा असर पार्ने धौलागिरि प्रादेशिक अस्पताल बागलुङका प्रमुख डा किरण तिवारीले जानकारी दिनुभयो । कतिपय महिलाले पटक-पटक गर्भपतन गराउने जनाउँदै यसले स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने उहाँको भनाइ छ ।

असुरक्षित गर्भपतन गराउँदा अधिक रक्तस्राब भएर ज्यानसमेत जान सक्ने चिकित्सक बताउँदछन् । पटक पटक गर्भपतन हुँदा महिलाको शरीरमा रगतको कमी हुने र विभिन्न सङ्क्रमण हुनसक्ने जनाउँदै उहाँ पछि चाँहदा चाँहदै पनि गर्भ नरहे समस्या आउने उहाँ बताउनुहुन्छ। प्रमुख डा तिवारी गर्भपतन गराउनुभन्दा परिवार नियोजनका अस्थायी तथा स्थायी साधनको प्रयोग गर्नु उत्तम विकल्प रहेको सुझाव दिनुहुन्छ ।

"गर्भपतन महिलाको स्वास्थ्यसँग जोडिएको हुन्छ, यो आपत्कालीन अवस्थामा मात्रै गर्नुपर्छ, परिवार व्यवस्थापनको साधन प्रयोग गर्नुनै राम्रो हुन्छ, यत्ति सजकता अपनाइयो भने समस्या हुँदैन" प्रमुख डा तिवारीले भन्नुभयो "धेरै पटक गर्भपतन गर्दा रगत बढी बगेर ज्यान जाने सम्भवना हुन्छ भने गर्भ पाठेघरभन्दा बाहिर बस्ने र शल्यक्रिया गर्नुपर्ने अवस्था आउन सक्छ ।"

उहाँले पछिल्लो समय बजारमा जथाभावी रुपमा गर्भपतन गराउने विभिन्न औषधि पाइने र महिलाले आफूखुसी खाने गर्ने गरेको बताउनुभयो । आफूखुसी गर्भपतनको औषधि खान नहुने जनाउँदै गर्भपतन गराउनै परे सूचिकृत स्वास्थ्य सस्थामा दक्ष स्वास्थ्यकर्मीको सुझाव लिएर मात्रै गर्नुपर्ने प्रमुख डा तिवारी बताउनुहुन्छ ।रासस

# शेखर कोइरालासँग विशेष महाधिवेशन माग गर्ने नेताहरुको भेटवार्ता



काठमाण्डु । नेपाली कांग्रेसको विशेष महाधिवेशनको माग गरी ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर सङ्कलन गरी पार्टी कार्यालयमा दर्ता गराएको समूहले पार्टी नेता डा शेखर कोइरालासँग छलफल गरेको छ ।

हस्ताक्षर बुझाएपछि पार्टी केन्द्रीय समितिको बैठकमा बहस चलिरहेका सन्दर्भमा सोमबार पार्टीका नेता कोइरालासँग भेट गरी चार वर्षे कार्यकालभित्रै १५ औं महाधिवेशन वा विकल्पमा विशेष महाधिवेशनको कार्यतालिका ल्याउन माग गरिएको हस्ताक्षर सङ्कलनको नेतृत्व गर्दै आउनुभएका नेता गुरुराज घिमिरेले राससलाई जानकारी दिनुभयो ।

भेटघाट र छलफलका क्रममा नियमित वा विशेष महाधिवेशनबाट समयसापेक्ष नीति तर्जुमासहित केन्द्रीय समितिको निर्वाचन अहिलेको एकमात्र बाटो रहेको नेता कोइरालाले बताउनुभएको थियो । नियमित महाधिवेशन नहुने भए विशेष महाधिवेशनका लागि आफूले पनि पहल गर्ने उहाँले प्रतिबद्धता जनाउनुभएको कांग्रेस नेता मनोजमणि आचार्यले बताउनुभयो ।

नियमित महाधिवेशन नहुने अवस्थामा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले पार्टीको विधानबमोजिम हस्ताक्षर बुझाउँदा पनि विधान पालना नभए आत्मघाती हुनसक्नेतर्फ पनि नेता कोइरालाको ध्यानाकर्षण गराइएको उहाँले बताउनुभयो ।रासस

# सरकारको संवैधानिक परीक्षण हुनुपर्छ : महासचिव पोखरेल



काठमाण्डु । नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेलले वर्तमान सरकारको संवैधानिक परीक्षण हुनुपर्ने बताउनुभएको छ । प्रेस चौतारी नेपालले सोमबार काठमाडौँमा आयोजनागरेकोसंवादमा उहाँले अदालतमा मुद्दा विचाराधीन रहेकाले सो मुद्दाको फैसला नहुँदासम्म सरकारले निर्वाचनबाहेकका काम गर्न नहुने तर्क गर्नुभयो ।

महासचिव पोखरेलले भदौ २३ र २४ गतेको घटनामा आन्दोलन कम अपराध बढी भएको टिप्पणी गर्नुभयो । उहाँले सो आन्दोलन अग्रगमनका लागि नभइ पश्चगमनका लागि भएको आरोप लगाउनुभयो । निर्वाचनको लागि गठन भएको यो सरकारलाई छ महिनाभित्र निर्वाचन गर्ने 'म्याडेट' दिएको बताउँदै उहाँले निर्वाचनका लागि सहज वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो ।

महासचिव पोखरेलले राज्यमाथि नियोजित रूपमा आक्रमण गर्नेहरूलाई कारबाही गर्नुपर्ने उल्लेख गर्दै प्रहरी प्रशासनको मनोवल उच्च राख्नका लागि सरकारले विशेष पहल गर्नुपर्ने बताउनुभयो । उहाँले जेलबाट भागेका मानिसहरूले दैनिकजसो कुनै न कुनै घटना गराइरहेकाले त्यसतर्फ सरकार सचेत रहनुपर्ने बताउनुभयो ।रासस


# गृहमन्त्रीद्वारा राष्ट्रपतिको निजी निवास निरीक्षण



काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले सोमबार राष्ट्रपति रामचन्द्र पौडेलको बोहोराटारस्थित निजी निवास निरीक्षण गर्नुभएको छ ।

गत भदौ २४ गते भएको जेनजी आन्दोलनका क्रममा राष्ट्रपति पौडेलको बोहोराटार स्थित निजी निवासमा तोडफोड र आगजनी गरिएको थियो । मन्त्री अर्यालले राष्ट्रपति पौडेलको परिवारसँग सल्लाह गरेर क्षतिग्रस्त घरको मर्मतसम्हार गर्ने वचन दिनुभयो ।

त्यस अवसरमा मन्त्री अर्यालसँगै जिल्ला प्रशासन कार्यालय काठमाडौँका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेल, सशस्त्र प्रहरी प्रमुख राजु अर्याललगायतको उपस्थितिथियो। उहाँहरुले बालाजु प्रहरी वृत्तको पनि निरीक्षण गर्नुभयो ,। गर्न पुग्नुभएको थियो । जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त भएको प्रहरी वृत्तको स्थानीयको सहकार्यमा पुनःनिर्माण सुरु भएको छ । यद्यपि त्यहाँका प्रहरी प्रमुखले जग्गा स्वामित्वमा नभएको विषय गृहमन्त्री अर्यालसमक्ष राख्नुभएको थियो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जनअपेक्षालाई पूरा गर

तराई-मधेश केन्द्रित दलको वैकल्पिक शक्तिको रुपमा उदाएका नयाँ राजनीतिक दलहरुको अवस्था जसरी आए त्यसैगरि नै अस्ताएपछि अहिले सोको खोजी कार्य पनि हुन थालेको छ । तराई-मधेशमा नयाँ शक्तिको रुपमा उदाएका नागरिक उन्मुक्ति पार्टी (नाउपा) र मधेशमा परम्परागत दलहरूको विकल्पमा राष्ट्रिय दलका रूपमा जनमत पार्टी शक्ति संघर्ष र सत्ता राजनीतिको कलहमा फसेर टुक्रिएका छन् । नाउपाको उदयले जे-जति तरंग पैदा गरे पनि टुटफुट पनि उस्तै भयो । त्यसरी नै सीके राउत नेतृत्वको जनमत पार्टी पनि श्रीमान-श्रीमतीको झगडाबाट शुरु भएर पार्टी भित्रको शक्ति संघर्ष र कुस्वार्थका कारण विभिन्न चिरामा टुक्रिएको छ । मुख्यतः नाउपामा पारिवारिक राजनीतिकका कारण सांगठनिक राजनीतिलाई अगाडि बढाउन नसक्दा यसको पनि पतन हुने निश्चित नै थियो । जसको परिणाम श्रीमान-श्रीमतीको शक्ति संघर्षको चपेटामा परेर नाउपाको राजनीतिक सम्भावना, अवसर र जनविश्वास मात्रै गुमाएन, स्थापनाको छोटो अवधिमै पार्टी नै छिन्नभिन्न अवस्थामा पुग्यो । जनमतमा पारिवारिक राजनीतिक विरासत हत्याउन खोज्दा पार्टी विभाजन भयो भने नाउपामा दम्पतीको कलहले छोटो समयमा एउटा सशक्त क्षेत्रीय राजनीतिक दलका रूपमा स्थापित पार्टीको सम्भावित सुखद् भविष्यलाई नै छिन्नभिन्न बनाएको अवस्था छ । जबकी यी दुबै पार्टी राजनीतिक भविष्यमा पार्टी फुट्नु केही अघिसम्म एकढिक्का हुनेमा आमजन पनि विश्वस्त थिए । दुई पार्टी एकीकरण गरेर शक्ति बढाउने खोजेका नाउपा र जनमतबीचको एकीकरण त परको कुरा सत्ता राजनीतिक कलहले दुवै दल चार टुक्रामा विभाजित हुन पुगे । अहिले नाउपामा रेशम-रञ्जिता राजनीतिक रूपमा अलग भएका छन् । त्यस्तै मधेशमा परम्परागत राजनीतिक दलहरूको विकल्पका रूपमा उदाएका जनमतसमेत छिन्नभिन्न भयो । अध्यक्ष राउतले मधेशमा मात्र होइन, मुलुककै राजनीतिमा प्रभाव राख्ने उपेन्द्र यादवलाई हराएर चर्चामा आएका थिए । जनमत पार्टीबाट कारबाहीमा परेका ई. दीपक साहको अगुवाइमा २० प्रतिशतभन्दा बढी केन्द्रीय सदस्य जुटेर पार्टी विभाजन भएको छ । जनमत फुटेर निर्वाचन आयोगमा गत असोज २८ गते जनस्वराज पार्टी दर्तासमेत भइसकेको छ । जनमतले सत्ता राजनीतिको कलहमा बेहोर्नु परेको फुटसँगै मधेशमा सरकारको नेतृत्व मात्रै गुमाएको छ । यी दुई वैकल्पिक शक्तिका रुपमा देखिए पनि अस्ताउँदै गर्दा मुलुकमा यसबीच जेन- जी आन्दोलन पनि भयो । जसमा मधेश प्रदेशमा यस आन्दोलनले निकै क्षति पुगेको छ । तर पनि यी जेन- जी पुस्तालाई समेत कसैले आकर्षकीय ढंगले पनि आफ्नो तर्फ कुनै पनि राजनीतिक दलले ध्यान तान्न सकेको छैन । त्यसैले युवा पुस्तालाई केन्द्रित भएर मात्र नभइ अहिलेको आवश्यकता र काम गर्ने पात्रहरुको पहिचान गरेर अघि बढेमा सबैको कल्याण हुनेछ ।

# नेपाली काँग्रेसले लिनुपर्ने निर्णय



प्रफुल्ल घिमिरे

नेपालको सबैभन्दा पुरानो र लोकतान्त्रिक दल नेपाली कांग्रेस एक जटिल अवस्थामा उभिएको छ। एकातिर पार्टीको वैधानिक महाधिवेशनको कार्यकाल मंसिरमा समाप्त हुँदैछ भने अर्कोतिर महाधिवेशन प्रतिनिधिहरूले विधानद्वारा प्राप्त अधिकार प्रयोग गर्दै विशेष महाधिवेशनको मागसहित हस्ताक्षरित प्रस्ताव केन्द्रीय समितिमा बुझाइसकेका छन्। 'जेन जि' विद्रोहपछि उत्पन्न परिस्थितिमा जारी केन्द्रीय कार्यसमिति बैठकको निर्णयले पार्टीको मात्र होइन, देशको आगामी राजनीतिक दिशामाथि पनि गहिरो प्रभाव पार्नेछ।

'जेन जि' आन्दोलनका क्रममा भएको आक्रमणपछि लामो उपचार र विश्राममा रहँदै आएका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा असोज २८, २०८२ मा बसेको केन्द्रीय समिति बैठकमा पहिलोपटक सार्वजनिकरूपमा उपस्थित भए। उहाँको सम्बोधन मात्र औपचारिकता थिएन, त्यो पार्टीको भावी दिशा र नेतृत्वबारे सुस्पष्ट सन्देश थियो।

सभापति देउवाले आफ्नो लिखित मन्तव्यमार्फत 'जेन जि' विद्रोह, राष्ट्रिय संकट, पार्टी महाधिवेशन र आफ्नै भूमिकाबारे ठोस निर्देशन दिएका छन्। सो सम्बोधनले केन्द्रीय समितिमाथि गम्भीर र तुरुन्त निर्णय लिनुपर्ने जिम्मेवारी तोकेको छ।

देउवाले केन्द्रिय समितिलाई मुख्यतः विद्रोहको छानबिन, 'जेन जि' का मागहरूको सम्बोधन, आक्रमणको भर्त्सना, संवैधानिक संकटको पहिचान, पार्टी नेतृत्व र महाधिवेशन सम्बन्धी स्पष्ट दिशानिर्देश, नेतृत्व हस्तान्तरणको प्रतिबद्धता, विधानसम्मत महाधिवेशन आयोजनाको तयारी, राष्ट्रिय राजनीति र आसन्न आमनिर्वाचनबारे मार्गनिर्देशन गरेका छन्। असोज २८ कै दिन उनले कार्यवाहक सभापतिका रूपमा पूर्णबहादुर खड्कालाई तोकी १५औं महाधिवेशनको जिम्मेवारी हस्तान्तरण गरिसकेका छन्।

संस्थापन पक्षमा बहुमत भएका केन्द्रीय सदस्यहरूले सभापतिको निर्देशनअनुसार छलफल गर्नुपर्ने भए पनि, ती बुँदाहरूलाई बेवास्ता गर्दै केन्द्रीय समितिको कार्यकाल एक वर्ष थप गर्ने र फागुन २१ गतेको निर्वाचनपछि मात्र महाधिवेशन गर्ने बहसमा लागेका छन्। कतिपय केन्द्रीय सदस्यहरू प्रत्यक्ष वा समानुपातिक रूपमा पदमा पुनः प्रवेश गर्ने सम्भावनाले प्रेरित देखिन्छन्, व्यक्तिगत स्वार्थका कारणले गर्दा फागुनपछिको महाधिवेशन सम्भावना बलियो बन्दै गएको छ।

तर, देउवाले दिएका स्पष्ट निर्देशनका आधारमा अब कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा बस्ने केन्द्रीय कार्यसमितिले देहायका विषयमा ठोस निर्णय गरे मात्र पार्टीले सही दिशा लिन सक्नेछ–

**१. छानबिनको औपचारिक माग**:

केन्द्रीय समितिले भदौ २३ र २४ का 'सुनियोजित' भनिएका घटनाहरूको निष्पक्ष छानबिनका लागि सरकारले आयोग गठन गर्न माग गर्दै औपचारिक प्रस्ताव पारित गर्नुपर्छ।

**२. 'जेन जि' का मागहरूबारे पार्टीको धारणा**:

भ्रष्टाचार र कुशासनविरुद्ध 'जेन जि' का न्यायोचित मागहरूलाई अध्ययन गरी ती मागहरूलाई पार्टीको नीति एजेन्डामा रूपान्तरण गर्न "कार्यदल" वा "नीति समिति" गठन गर्नुपर्छ।

भ्रष्टाचारविरुद्धको मागलाई सम्बोधन गर्दै, पार्टीको विधानमा स्पष्ट व्यवस्था गर्नुपर्छ कि– जो कुनै पनि तहका नेता वा पदाधिकारीमाथि भ्रष्टाचारको गम्भीर आरोप लागेपछि अन्तिम फैसला नभएसम्म उनीहरू स्वतः निलम्बित हुने र दोषी ठहरिएमा पार्टी सदस्यतासमेत खारेज हुनेछ।

**३. सम्पत्ति छानबिन आयोगको प्रस्ताव**:

पूर्व न्यायाधीश र बुद्धिजीवीहरूको समावेशसहित निष्पक्ष "सम्पत्ति छानबिन आयोग" गठन गरी २०४६ सालदेखि हालसम्म पार्टीका जिम्मेवार पदमा रहेका सबैको सम्पत्ति विवरण अनिवार्यरूपमा जाँच गर्ने व्यवस्था गर्नुपर्छ। श्रोत अस्पष्ट भएका सम्पत्तिधनी नेताहरूलाई भविष्यमा कुनै पनि जिम्मेवारी दिन नपाइने र राज्यबाट कानूनी कारबाही सिफारिस गर्ने अधिकार सो आयोगलाई दिनुपर्छ।

**४. भ्रष्टाचारका फाइलहरूबारे दबाब**:

चर्चित भ्रष्टाचारका सबै फाइलहरू र मुद्दाहरू निर्वाचनअघि नै निष्पक्ष छानबिन गरी टुंग्याउन सरकारले कदम चालोस् भन्ने दबाब कांग्रेसले बढाउनुपर्छ।

**५. टिकट बेचुवा नेतृत्वमाथि कारबाही**:

मधेस प्रदेशका केन्द्रिय पदाधिकारी एवं मधेस प्रदेश समितिले पैसा लिएर पद बाँडफाँट गरेको आरोप उठेकाले, पार्टीले प्रदेशस्तरीय अधिकारसम्पन्न छानबिन समिति गठन गरी यस्ता अनैतिक क्रियाकलापमा संलग्न नेताहरुमाथि कठोर कारबाही गर्नुपर्छ।

**६.** समानुपातिक समावेशी प्रणालीमा लक्षित वर्गले लाभ प्राप्त गर्नुपर्नेमा सो नभएर लक्षित वर्ग भित्र पनि पटकपटक अवसर पाइसकेका , हुनेखाने , पहुँचबाला, विरासत भएका र शक्तिशालीहरु, र उनका नातागोताहरुको हालीमुहाली भएको आलोचना हेर्दै समावेशीकरनको विषयलाई सम्बोधन गर्दै स्पष्ट निति तर्जमा गर्नुपर्छ ।

**७** . केन्द्रिय समितिमा रहेकाहरूलाई नै बारम्बार प्रतिनिधि सभाका प्रत्यक्षमा यसमा नभए समानुपातिकमा, समानुपातिकमा नभए राष्ट्रिय सभामा ,वा प्रदेश सभाका प्रत्यक्ष व समानुपातिकमा यसमा पनि न अटाए कुटनैतिक नियुक्ति वा अन्य लाभका पदमा स्थापित गर्ने ,व्यवस्थापन गर्ने परम्परागत सोचलाई हटाउन व्याख्या गर्दै स्पष्ट निति ल्याउनु पर्छ

**८. राजनीतिक प्रस्ताव**:

प्रतिनिधिसभा विघटनलाई "असंवैधानिक" ठहर गर्दै, "निर्वाचन नै एक मात्र समाधान हो" भन्ने पार्टीको आधिकारिक राजनीतिक धारणा स्पष्ट पार्ने प्रस्ताव पारित गर्नुपर्छ।

**९. कार्यवाहक सभापतिको अनुमोदन**:

देउवाज्यूले उपसभापति पूर्णबहादुर खड्कालाई तोकेको कार्यवाहक सभापतिको जिम्मेवारीलाई केन्द्रीय समितिले विधिसम्मत रूपमा अनुमोदन गर्नुपर्छ।

**१०. महाधिवेशनको कार्यतालिका**:

देउवाको निर्देशनअनुसार विधानसम्मत १५औं महाधिवेशनको मिति र तयारी तुरुन्त घोषणा गर्नुपर्छ। विशेष महाधिवेशनको माग र नियमित महाधिवेशनको समयसीमा सन्तुलनमा राख्दै, अबिलम्ब स्पष्ट, अविवादित र सबैलाई समेट्ने कार्यतालिका सार्वजनिक गर्नुपर्छ। यही नै समितिको सबैभन्दा जिम्मेवार र चुनौतीपूर्ण कार्य हो।

**११.** यस पुर्व केन्द्रीय समितिमा रहेकाहरु , संसदहरुलाई विशेष सुबिधा प्रदान गर्दै क्षेत्रीय प्रतिनिधि ,महाधिवेशन प्रतिनिधि , महासमिति सदस्य बन्नु नपर्ने नितिलाई हटाउनु पर्छ। विभेदकारी नीति खारेज गरिए मात्र कार्यकर्ता र नेताबीच संवाद, लगाव र एकता बलियो बन्नेछ। तर, विभिन्न गुटका नेताहरूको साझा स्वार्थका कारण यो विषयमा छलफल गर्न कठिन देखिएको छ।

**१२. नेतृत्व हस्तान्तरणको सन्देश**:

देउवाको नेतृत्व हस्तान्तरणको घोषणालाई स्वागत गर्दै, पार्टीभित्र एकता र सहकार्यको वातावरण निर्माण गर्दै महाधिवेशनमा केन्द्रित हुने निर्णय गर्नुपर्छ।




**१३. स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि दबाब**:

केन्द्रीय समितिले स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन सुनिश्चित गर्नका लागि आवश्यक पूर्वशर्तहरू– शान्ति-सुरक्षा, सबै दलको सहभागिता, निष्पक्ष प्रशासन– किटान गरी सरकारमाथि दबाब दिनुपर्छ।

सभापति देउवाको असोज २८ को सम्बोधनले नेपाली कांग्रेसभित्रको नेतृत्व बहसलाई अन्त्य गर्दै पार्टीलाई महाधिवेशनको दिशातर्फ उन्मुख गराएको छ। अब केन्द्रीय समितिको प्रमुख जिम्मेवारी भनेको देउवाको "नेतृत्व हस्तान्तरण" को भावनालाई आत्मसात् गर्दै सबै पक्षलाई समेटेर तत्काल १५औं महाधिवेशनको कार्यतालिका घोषणा गर्नु र 'जेन जि' विद्रोहले उठाएका सवालहरूलाई पार्टी नीतिमा समावेश गर्नु हो।

# महिनावारीसँग जोडिएको स्वास्थ्य



डा. अरुणा उप्रेती



किशोरी र महिलाको महिनावारीका बारेमा अनेक वृत्तचित्र, चलचित्र बनेका छन् र ४०-४५ वर्षपछि महिलाको रजनोवृत्ति अर्थात् महिनावारी बिस्तारै सुक्दै जाने समस्याका बारेमा न त प्रायः छलफल हुन्छ, न यसका बारेमा महिला स्वास्थ्यसम्बन्धी अनुसन्धान गरिन्छ ।

महिनावारी सुक्नु रोग होइन तर जसरी महिनावारी हुँदा कसैकसैलाई साधारण समस्या हुन सक्छ, महिनावारी सुक्दा पनि साधारण समस्या देखापर्नु स्वाभाविक हो भनेर बुझ्नसके महिलालाई सजिलो हुने थियो । "मेरो महिनावारी ४५ वर्षमा सुकेको थियो । पहिले त मलाई केही तातो हुने, खलखली पसिना पनि आउँथ्यो । मलाई मेरो साथीले हर्मोन औषधि दिइन् तर त्यसले मलाई झन् समस्या गरायो । मैले औषधि पनि छोडेँ र मैले त यस अवस्थालाई सामान्य रुपमा लिएको छु । अहिलेसम्म रजोनिवृत्तिका समस्या भएको छैन," ७५ वर्षीया एक जनस्वास्थ्य विज्ञले केही दिनअघि मलाई इमेलमा लेखेकी थिइन् ।

"मेरो महिनावारी सुकेको चार वर्ष भयो । पहिलेपहिले त कहिले दुई/तीन महिनामा हुन्थ्यो । त्यतिबेला केही बढी रगत जान्थ्यो । फापर, ढिँडो, सिस्नो खाएँ । मलाई ढुक्क पो भएको थियो । मलाई कुनै समस्या नै भएन," गाउँकी एक महिलासँगको भेटमा भनेकी थिइन् ।

नेपाली महिलाको महिनावारी सामान्यतया ४५-५२ वर्षको उमेरको हाराहारीमा पुगेपछि बन्द हुन्छ । अन्तरराष्ट्रियस्तरमा अमेरिकी तथा जापानी महिलाका बीचमा अधिकांश रजोनिवृत्तिपछिको अवस्थालाई लिएर धेरै अनुसन्धान भएको पाइन्छ । नेपालमा भने 'मेनोपोज सिमटम इन नेपाल'की डा कान्ति गिरीले सन् २००१ मा काठमाडौं, भक्तपुर, ललितपुर, कास्की, मकवानपुर र चितवनका १५० महिलामा गरिएको एउटा अध्ययन पाइन्छ । रजोनिवृत्ति वा महिनावारी सुकेपछि कतिपय महिलालाई केही समस्याहरू पर्न सक्छन् । यद्यपि, धेरै महिलालाई केही समस्या पर्दैन । यो कुनै रोग होइन भनेर मानिसहरूले बुझ्न गाह्रो भएकाले र महिनावारी सुकेपछि के औषधि गर्ने भन्ने प्रश्न पनि नेपाली महिलाहरूले गर्छन् ।

परिवार नियोजनको अस्थायी साधन प्रयोग गर्दा पनि महिनावारी गडबड हुन सक्छन् । गाउँघरमा त ५० वर्षसम्म पनि यसरी कतिपय महिलाले डिपो वा नरप्लान्ट (परिवार नियोजनका साधन) प्रयोग गर्दा महिनावारी नै नहुने हुन्छ । अनि महिनावारी सुकेको हो कि यो साधनको प्रभावले भएको हो भन्ने छुट्याउन नै गाह्रो पर्छ । लगातार यस्तो साधन प्रयोग गर्दा हड्डी 'फुसफुसे' भएर भाँचिने समस्या हुन्छ । त्यसैले ३५ वर्षपछि परिवार नियोजनका साधन प्रयोग गर्दा बढी होसियार हुनुपर्छ । तर यो विषयमा कतै छलफल नै हुँदैन ।

रजोनिवृत्तिको बेला कसैलाई समस्या हुन्छ, कसैलाई हुन्न भनेर जाँच्ने यन्त्र त छैन । तर भोजन, आराम, सकारात्मक विचारले समस्या हुनेलाई पनि, समस्या नहुनेलाई पनि स्वास्थ राम्रो हुन्छ । तर युवावस्थामा शरीरलाई मोटो बनाएर, व्यायाम नगरेर सबै कुरा उमेर ढलेपछि गरौंला भनेर भनियो भने रजोनिवृतिमा समस्या हुन सक्छ । त्यसैले पहिले नै होस पुऱ्याए राम्रो हुन्छ ।

मेरी आमाको ४५ वर्षमा नै रजोनिवृत्ति भयो मेरो १० वर्षअघि ५० वर्षमा नै भयो, केही समस्या नै भएन । तर कसै कसैलाई राति निन्द्रा नलाग्ने, रिस उठ्ने, खान मन नलाग्ने र कसै कसैलाई जिउ चिलाउने र स्तनको आकार सानो हुँदै जान सक्छ । यसको कारण शरीरमा एस्ट्रोजेन नामक हर्मोन कम हुँदै जानु हो । चुरोट र सूर्ती प्रयोग गर्ने महिलाहरूलाई यस्तो समस्या बढी हुने गरेको देखिएको छ । त्यसैले स्वस्थ रहने हो भने गाउँघरका महिलालाई चुरोट र तमाखु छोड भन्नै पर्छ । तर नेपालको गाउँघरमा महिलाहरुलाई धुम्रपान र स्वास्थ्यमा पर्ने असरको बारेमा प्राय थाहा हुँदैन ।

प्रायः कति जनालाई त थाहा पनि हुँदैन कि महिनावारी बन्द हुने प्रक्रिया एकैपल्टमा हुँदैन । सुरुआतमा महिनावारी कहिले हुने, कहिले नहुने वा दुई-तीन महिना बिराएर हुने गर्छ । यो महिनावारी बन्द हुने प्रक्रिया हो भन्ने नबुझ्दा कतिले त मलाई रोग लाग्यो कि भनेर डराउँछन् । अनि लौ पाठेघरको क्यान्सर भयो भनेर तर्सिन्छन् ।

रजोनिवृत्तिको विषयमा भएका अनुसन्धानहरुले के देखाएका छन् भने यस्ता समस्याहरुलाई महिलाहरुको भोजन, शारीरिक व्यायाम, जीवन प्रतिको दृष्टिकोण, मानसिक तनाव आदि कुराले धेरै फरक पार्छ । साथै युवावस्थाको स्वस्थ खानपिनले पनि धेरै भूमिका खेल्छ । जीवनमा पछि पैसा चाहिन्छ भनेर बैंकमा पैसा राख्ने महिलाहरूले रजोनिवृत्ति पनि स्वस्थ रहोस् भनेर युवावस्थादेखि नै स्वास्थ्यमा लगानी गर्नुपर्छ । अर्थात स्वस्थ खाना, स्वस्थ जीवनशैली अपनाउनुपर्छ । कतिपय महिलाले पनि यसलाई उमेरअनुसारको स्वाभाविक प्रक्रिया ठान्दछन् भने कतिपयले धर्म-कर्मतर्फ लाग्ने समयको रुपमा पनि लिएको पाइन्छ । अहिले त रजोनिवृत्ति भइसकेका महिलाहरू अफिसमा काम पनि गरिरहेका हुन्छन् ।

रजोनिवृत्तिको अवस्थामा पुगेपछि स्वास्थ्यको विशेष ध्यान राख्नु पर्ने चाहीँ हुन्छ । ३५-४० वर्षको उमेरपछि नै शरीरका हाडमा घनत्व कम हुँदै जान्छ, रजोनिवृति भएपछि या झन बढ्न जाने हुनाले शारीरिक व्यायाम, भोजन आदिमा विशेष ध्यान दिनुपर्छ । विभिन्न अध्ययनले देखाएका छन् तातो हुने धेरै पसिना आउने आदि रजोनिवृत्ति हुँदा हुने समस्यालाई कम गर्न भटमासको प्रयोग गर्नुपर्छ । प्रोटिन र लौहतत्व पाइने र भटमासको विशेष तत्वले मुटुको रोगबाट बचाउन मद्दत पनि गर्छ । शरीरमा एस्ट्रोजनको कमी हुँदै जाँदा छालामा रहेको चिल्लोपन हराउँदै जानसक्छ । यस्तो बेलामा छाला र गुप्ताङ्गमा चिलाउने समस्या हुनसक्छ । यस्तो बेलामा तोरी, नरिवल, तिल, बदामको तेल प्रयोग गर्न उचित हुन्छ ।

केही महिलाहरूलाई रजोनिवृत्ति अवस्थामा मन दिक्क हुने, मन छिनछिनमा परिवर्तन हुने हुन्छन् । यस्ता परिवर्तन कतिले सजिलै आत्मसाथ गर्न सक्छन् त कतिलाई यस्ता परिवर्तनले चिन्तित बनाउँछ । यस्ता परिवर्तनले कस्तो असर गर्छ भन्ने कुरा महिलाको शारिरीक अवस्था र सम्पूर्ण स्वास्थ्य स्थितिले पनि निश्चित गर्छ । यससँगै ती महिलाको आर्थिक स्थिति, कामकाज, पारिवारिक जीवन, सामाजिक जीवन, परिवर्तनलाई आत्मसाथ गर्नसक्ने क्षमता तथा रीतिरिवाजले पनि निश्चित गर्छ । यो मानसिक रोग होइन तर यस्तो समस्याले धेरै दुःख दिए मनोचिकित्सकसँग परामर्श लिन सकिन्छ ।

व्यायाम गर्ने महिलाहरुलाई रजोनिवृत्ति भएपछि शरिर एकैछिनमा तातो हुने, एकैछिनमा चिसो हुने समस्या पनि केही कम गर्छ । "५० वर्ष पुगेपछि मेरो घुँडा दुख्ने समस्या भएको थियो, महिनावारी पनि सुक्यो । तर विस्तारै व्यायाम गरेपछि दुखाई कम हुन्छ । अहिले मैले नियमित रुपमा योग गर्न थालेको छु । मलाई रमाइलो लाग्छ", ६० वर्षीय निलिमाले भनेको कुरा मलाई साह्है घत लागेको थियो । व्यायामलाई बोझको रुपमा नलिएर आफूलाई फाइदा पुऱ्याउँछ भन्ने विश्वास गरेपछि अलिअलि गर्दै व्यायाम गर्ने बानी पर्दै जान्छ, स्वस्थ भइन्छ । रजोनिवृत्ति समस्या बन्दैन ।

रजोनिवृत्ति भएकी महिलालाई मानसिक तनावले पनि समस्या पर्न सक्छ । जस्तो कामको धेरै बोझ भए, धेरै थकाई, दिनदिनै झगडा भएमा, उमेर बढेपछि बुढो भए भनेर चिन्ता गरेमा मानसिक तनाव बढ्न जान्छ । यसरी महिनावारी सुक्दा तनाव धेरै पैदा भए शरीरलाई नै नकारात्मक असर गर्दछ । तनाव कम गर्ने धेरै उपायहरु छन् । कतिपय उपायहरु हामी हाम्रो जीवनमा उपयोग गर्छौं । कतिपय महिलाहरुले तनाव परेका बेला प्राथना गर्ने, योग गर्ने, ध्यान गर्ने, नाच्ने आदि गर्छन् । यस्ता क्रियाकलापले भावना व्यक्त गर्ने र आनन्दको भएर तनाव कम गर्न पनि मद्दत गर्छन् । महिनावारी सुक्ने बेलामा समस्याहरु कम होस् र शरिर स्वस्थ रहोस् भनेर स्वस्थ पोषणको साथै व्यायाम, हिँडाइबाट मानसिक तनाव, अनिन्द्रा, मोटोपन इत्यादि त घटाउँछ नै र आत्मविश्वास पनि बढाउँछ ।

# कार्यवाहक राष्ट्रपति यादव र जर्मन राजदूत भोल्जबीच शिष्टाचार भेट



काठमाण्डु । कार्यवाहक राष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि सङ्घीय गणतन्त्र जर्मनीका राजदूत उदो युगेन भोल्जले सोमबार लैनचौर स्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

भेटका अवसरमा दुई देशबीचको दीर्घकालीन मैत्रीपूर्ण सम्बन्ध, आपसी सहयोग, विकास साझेदारी, लगानी, व्यापार तथा पर्यटन प्रवर्द्धनलगायतका विषयमा छलफल भएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ।कार्यवाहक राष्ट्रपति यादवले नेपाल र जर्मनीबीच सन् १९५८ मा दौत्य सम्बन्ध स्थापना भएयता कायम रहेको आपसी विश्वास र सहयोगप्रति सन्तोष व्यक्त गर्नुभएको थियो । उहाँले उच्चस्तरीयभ्रमण,विकाससाझेदारी, जनस्तरको सम्बन्ध, लगानी तथा पर्यटन क्षेत्रलाई दुई देशबीचको सम्बन्धका आधारस्तम्भका रूपमा उल्लेख गर्नुभयो।

जेनजी आन्दोलनपछि नेपालको लोकतान्त्रिक यात्राले नयाँ गति लिएको उल्लेख गर्दै कार्यवाहक राष्ट्रपति यादवले उत्तरदायी, जवाफदेही र भ्रष्टाचार मुक्त शासनप्रति जनआकाङ्क्षा राष्ट्रिय एजेण्डाका रूपमा स्थापित भएको बताउनुभयो । उहाँले आगामी ५ मार्च २०२६ मा प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्ने सरकारको प्राथमिकताबारे समेत जानकारी दिनुभयो।

सङ्घीय गणतन्त्र जर्मनी नेपालका प्रमुख विकास तथा व्यापार साझेदारमध्ये एक रहेको उल्लेख गर्दै कार्यवाहक राष्ट्रपति यादवले सन् १९६१ देखि प्राप्त हुँदै जर्मन सहयोगप्रति धन्यवाद व्यक्त गर्नुभयो । उहाँले जलवायु परिवर्तनजस्ता अन्तरराष्ट्रिय मुद्दामा जर्मनीले बहुपक्षीय मञ्चमा खेलेको भूमिकाको प्रशंसा गर्दै भविष्यमा पनि आपसी हितका विषयमा सहकार्य जारी रहने विश्वास व्यक्त गर्नुभयो।

नेपालले आगामी वर्ष अतिकम विकसित मुलुकबाट स्तरोन्नति भई सन् २०३० सम्म मध्यम आय भएको मुलुक बन्ने लक्ष्य लिएको उल्लेख गर्दै कार्यवाहक राष्ट्रपति यादवले उक्त लक्ष्यलाई दिगो बनाउन जर्मनीलगायत विकास साझेदार हरूको पूँजी, प्रविधि, लगानी र आर्थिक साझेदारी आवश्यक रहेको बताउनुभयो ।जर्मनीका राजदूत उदो युगेन भोल्जले नेपाल-जर्मनी सम्बन्ध अत्यन्तै घनिष्ट र बलियो रहेको उल्लेख गर्दै नेपालको सरकारलाई जर्मनीको निरन्तर समर्थन र सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# सञ्चारमन्त्री खरेलसँग गणतन्त्र कोरियाका राजदूत योङको शिष्टाचार भेट

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलसँग नेपालका लागि गणतन्त्र कोरिया (दक्षिण कोरिया)का राजदूत पार्क तइ योङले शिष्टाचार भेट गर्नुभएको छ।

सिंहदरबारस्थित मन्त्रालयमा भएको भेटमा नेपाल तथा गणतन्त्र दक्षिण कोरियाबीचको द्विपक्षीय ऐतिहासिक सम्बन्ध, द्विपक्षीय सहकार्य तथा वर्तमान अवस्था र नेपाल सरकारका प्रथमिकताका सम्बन्धमा छलफल भएको सञ्चारमन्त्री खरेलको सचिवालयले जनाएको छ।

भेटमा सञ्चारमन्त्री खरेलले नेपाल र दक्षिण कोरियाबीचको सम्बन्ध, नेपालमा दक्षिण कोरियाको सहयोगमा सञ्चालित विकास आयोजनालगायत नेपालमा डाटा सेन्टरको स्थापनामा पुऱ्याएको सहयोगका लागि आभारसमेत व्यक्त गर्नुभयो। यसका साथै मन्त्री खरेलले नेपालको विद्यमान परिस्थितिको साथै स्वतन्त्र तथा निष्पक्ष रूपमा निर्वाचनलाई सम्पन्न गर्ने, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सरकारको प्रमुख प्राथमिकतामा रहेको जानकारी गराउनुभयो।

सञ्चारमन्त्री खरेलले रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत दक्षिण कोरियाले लामो समयदेखि नेपाली युवालाई रोजगारी प्रदान गरिरहेकोमा सराहाना गर्नुभयो।

सो अवसरमा दक्षिण कोरियाका राजदूत पार्क तइ योङले मन्त्री खरेललाई बधाइ तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो।

राजदूत योङले नेपालमा दक्षिण कोरियाली सहयोगमा सञ्चालित परियोजनाको अवस्था तथा नेपालमा कोरियाली सरकारको सहयोगको प्राथमिकताका विषयमा जानकारी गराउँदै कोरिया सरकार नेपालको शिक्षा, कृषि, सूचना प्रविधिलगायतका क्षेत्रमार्फत आर्थिक रुपान्तरण एवम् समृद्धिका लागि सहयोग गर्न तत्पर रहेको जानकारी गराउनुभयो।

राजदूत योङले नेपाली युवा मेहेनती र इमान्दार रहेको तथा पछिल्लो समय नेपाल कोरियामा वैदेशिक रोजगारीमा पठाउने उत्कृष्ट मुलुक रहेको उल्लेख गर्नुभयो। भेटमा सञ्चार मन्त्रालय र परराष्ट्र मन्त्रालयका अधिकारीको पनि उपस्थिति थियो ।रासस



## प्रधानमन्त्री कार्कीको निर्देशन :

# सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुस्



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न र सार्वजनिक कोषको प्रभावकारी एवं नतिजामूलक उपयोग गर्न निर्देशन दिनुभएको छ। उहाँले नयाँ पुस्ताले सुम्पेको समृद्धि, विकास, सुशासन, समानता र भ्रष्टाचारविहीन शासकीय प्रबन्धको सुनिश्चितता गर्न निर्देशन दिनुभएको हो।

वर्तमान सरकार गठन भएपछि सम्पन्न भएका कार्यप्रगतिको विवरण दिन सोमबार आयोजित मन्त्री र सचिवहरूको बैठकमा प्रधानमन्त्री कार्कीले गत भदौ २३ र २४ गतेको आन्दोलनको मर्म र भावनाबमोजिम नतिजामुखी हुन मातहतका निकायलाई निर्देशन दिनुभएको उहाँको सचिवालयले जनाएको छ।

"भ्रष्टाचार नियन्त्रण, सुशासन कायम र प्रभावकारी सेवा प्रवाहका उल्लेख्य सुधार भएको सबै नागरिकले प्रत्यक्ष अनुभूति गर्नेगरी सबै मन्त्रालयहरूले 'ब्लुप्रिन्ट' तयार गरी कार्यान्वयन गर्नुहोस्", प्रधानमन्त्री कार्कीले भन्नुभयो, "निजी क्षेत्रको मनोबल वृद्धि गरी औद्योगिक वातावरणमा सुधार गर्न आवश्यक संवाद, सहजीकरण र सहकार्य गर्नुहोस्।"

आम नागरिकमा सरकारप्रतिको भरोसा वृद्धि गर्ने एवं निजामती कर्मचारी र सुरक्षाकर्मीहरूमा मनोबल वृद्धि गर्ने उपायहरू अवलम्बन गर्नुपर्नेलगायतका १४ बुँदे निर्देशन दिँदै उहाँले कर्मचारीहरूको सरुवा बढुवा प्रणालीलाई व्यवस्थित गरी अनुमानयोग्य, पारदर्शी र न्यायोचित बनाउने उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिनुभएको छ।

"आन्दोलनका क्रममा क्षतिग्रस्त संरचनाको क्षति तथा नोक्सानीको प्रतिवेदन तत्काल तयार गरी पुनर्निर्माणको नीति र कार्ययोजना बनाउनुहोस्", प्रधानमन्त्री कार्कीले भन्नुभयो, "भौतिक संरचना मेसिनरी औजार तथा उपकरणमा पुगेको क्षतिबाट सेवा प्रवाह अवरुद्ध हुन नदिन तत्काल खरिद वा वैकल्पिक सेवा प्रवाहको व्यवस्था गर्नुहोस्।"

निर्वाचनको वातावरण बनाउन आफूले निर्वाचन आयोग, सुरक्षा निकाय राजनीतिक दल र अन्य सरोकारवालाहरूसँग निरन्तर संवाद गरिरहेको जानकारी दिँदै उहाँले निर्वाचनको पूर्वतयारीका लागि आआफ्ना जिम्मेवारीका कार्यहरूलाई चुस्त दुरुस्त रूपमा सम्पादन गर्न निर्देशन दिनुभयो । प्रधानमन्त्री कार्कीले सबै मन्त्रालयहरूको वार्षिक कार्ययोजना कार्यान्वयनको समीक्षा गर्दै परम्परागत शैलीबाट माथि उठेर नयाँ मानकहरू स्थापनाका लागि आवश्यक पहल गर्न सुझाव दिनुभयो।

आफ्नो अध्यक्षताका अन्तरप्रदेश परिषद्‌लगायतका सबै परिषद् वा समितिका बैठकका लागि प्रबन्ध मिलाउन निर्देशन दिँदै प्रधानमन्त्री कार्कीले नवनियुक्त मन्त्रीहरू र प्रदेशका मुख्यमन्त्रीहरूको उपस्थितिमा कूटनीतिक मामिलासम्बन्धी छलफल आयोजना गर्नसमेत ध्यानाकर्षण गराउनुभयो

प्रदेशमा जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने र तीनै तहका सरकारबीचको समन्वयलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक कार्य गर्न निर्देशन दिँदै उहाँले भन्नुभयो, "कानुनको शासन प्रत्याभूत गर्न सबै खाले आपराधिक क्रियाकलापहरू नियन्त्रण गर्नुपर्नेछ। यसमा कुनै सम्झौता नगर्नुहोस्।"

प्रधानमन्त्री कार्कीले अनावश्यक देखिएका संरचना खारेज गर्ने, गाभ्ने तथा हस्तान्तरण गरी सार्वजनिक प्रशासनलाई चुस्त दुरुस्त र उच्च उत्पादकत्वयुक्त बनाउने कार्य तत्काल प्रारम्भ गर्न निर्देशन दिनुभएको छ । उहाँले भन्नुभयो, "तपाइँहरू स्थायी सरकार हो । आफ्नो ज्ञान सीप अनुभवको प्रयोग गरी कर्तव्य र उत्तरदायित्व पालनामा खरो उत्रनु हुनेछ।"रासस

# राष्ट्रपति पौडेल दोस्रो विश्व शिखर सम्मेलन'मा सहभागी हुन दोहामा



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेल कतारको राजधानी दोहामा यही कात्तिक १८ देखि २० गतेसम्म आयोजना हुने 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन'मा सहभागी हुन सोमबार दोहा पुग्नुभएको छ। राष्ट्रपति पौडेल कतारका अमिर शेख तमिम बिन हमद अल थानीको निमन्त्रणमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सो सम्मेलनमा सहभागी हुन प्रथम महिला सविता पौडेलसहित कतारको दोहा पुग्नुभएको उहाँको सचिवालयले जनाएको छ।

राष्ट्रपति पौडेललाई दोहास्थित हमाद अन्तरराष्ट्रिय विमानस्थलमा कतारका विदेश मन्त्रालय र त्यहाँस्थित नेपाली राजदूत रमेशचन्द्र पौडेललगायत दूतावासका उच्चपदस्थ पदाधिकारी संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले स्वागत गर्नुभएको थियो।

राष्ट्रपति पौडेलले संयुक्त राष्ट्रसङ्घको महासभाको निर्णयअनुसार कतारको दोहामा हुन लागेको 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन' को मुख्य सत्रलाई कात्तिक १८ गते सम्बोधन गर्ने कार्यक्रम रहेको छ। साथै, राष्ट्रपति पौडेलले सो सम्मेलनका अवसरमा कतारका अमिर शेख तमिम बिन हमद अल थानी र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायतसँग भेटवार्ता गर्नुहुनेछ।

यसअघि उक्त सम्मेलन १९९५ मा डेनमार्कको कोपनहेगनमा भएको थियो । सम्मेलनमा वर्तमान विश्वले सामना गर्नुपरेको विकासको असमानता, जनसर्‍यामा आएको असन्तुलन र प्रविधिका कारण समाजमा परेको प्रभावलगायत विषयमा छलफल हुने बताइएको छ। भ्रमण पूरा गरी राष्ट्रपति पौडेल कात्तिक २० गते स्वदेश फर्किनुहुने छ ।रासस

# कार्यवाहक सभापतिद्वारा खतिवडाको निधनप्रति दुःख व्यक्त



काठमाण्डु । नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले कांग्रेस केन्द्रीय सदस्य रामहरि खतिवडाका पिता जीवननाथ खतिवडाको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ।

कार्यवाहक सभापति खड्काको तर्फबाट पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले सोमबार शोक विज्ञप्ती जारी गरी पार्टीका केन्द्रीय सदस्य एवम् राज्य व्यवस्था समितिका पूर्वसभापति खतिवडाका बुबाको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको हो।

कार्यवाहक सभापति खड्काले खतिवडाको आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवार तथा आफन्तजनप्रति पार्टी र आफ्नो तर्फबाट गहिरो समवेदना प्रकट गर्नुभएको छ।

खतिवडाले नेपाली कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्नुभएको कांग्रेसले जनाएको छ । दमसम्बन्धी समस्या खेप्दै आउनुभएका ७८ वर्षीय जीवनाथको आइतबार राति डिल्लीबजारस्थित निवासमा निधन भएको हो ।रासस

# एमालेको महाधिवेशनमा ४० वर्षमुनिका युवालाई प्रतिनिधि बनाइने



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११ औँ राष्ट्रिय महाधिवेशनमा ४० वर्षमुनिका युवालाई प्रतिनिधि बनाइने भएको छ ।देशभरबाट करिब दुई हजार एक सय जना प्रतिनिधि सहभागी हुने महाधिवेशनमा ४० वर्षमुनिका युवा पनि प्रतिनिधिका रुपमा सहभागी हुने भएका हुन्।

एमाले केन्द्रीय सङ्गठन विभाग प्रमुख काशीनाथ अधिकारीका अनुसार एउटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट चार जना प्रतिनिधि चयन हुनेमा एक जना अनिवार्य भनिएको छ। जसमा दुई जना खुला, एक जना महिला र एक जना ४० वर्षमुनिका युवा गरेर चार जना प्रतिनिधि छनोट हुनेछन्।

एक प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा एक हजार २०० पार्टी सदस्य बराबर चार जना महाधिवेशन प्रतिनिधि सहभागी हुन पाउने एमालेले निर्णय गरेको छ। उहाँले मापदण्डअनुसार १६५ निर्वाचन क्षेत्रबाट एक-एक जनाका दरले, अनेरास्ववियु र युवासङ्घ नेपालबाट पाँच-पाँच जनाका दरले ४० वर्षमुनिका प्रतिनिधि सहभागी हुने सुनिश्चित गरिएको बताउनुभयो।

अन्य कमिटीबाट पनि प्रतिस्पर्धा गरेर महाधिवेशनमा प्रतिनिधि हुने सक्ने उहाँको भनाइ छ।

महाधिवेशनका लागि एकतिहाइ महिला प्रतिनिधि हुने सुनिश्चिता पनि पार्टीले गरेको छ ।एमालेले महाधिवेशनका लागि प्रनिनिधि चयन मङ्सिर १३ गते एकैदिन देशैभरि गर्ने निर्णय गरेको छ। एमाले महाधिवेशन आगामी मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँमा हुने भएको छ ।रासस

## डेडिकेटेड र ट्रङ्कलाइन विवाद :

# एक किस्तालाई विवादित रकम मान्नुपर्ने प्रस्ताव




काठमाण्डु । लामो समयदेखि सुल्झिन नसकेको डेडिकेटेड फिडर र ट्रङ्कलाइनको विद्युत् महसुल बक्यौता विवाद सुल्झाउनका लागि नेपाल उद्योग वाणिज्य महासङ्घले मध्यमार्गी प्रस्ताव गरेको छ।

उक्त विवादबारे सोमबार प्रधानमन्त्री सुशीला कार्कीले अर्थमन्त्री रामेश्वर खनाल, ऊर्जामन्त्री कुलमान घिसिङ, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री अनिल सिन्हा, मुख्य सचिव एकनारायण अर्याल, विभिन्न मन्त्रालयका सचिवहरू र नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकालसँग छलफल गर्नुभएको थियो।

छलफलका क्रममा डेडिकेटेड र ट्रङ्कलाइन विवाद समाधानको मध्यमार्गी प्रस्ताव आएको महासङ्घले जनाएको छ। उद्योगीहरूले नेपाल विद्युत् प्राधिकरणले यसअघि महसुल बक्यौता बुझाउने गरी दिएको सुविधा २८ किस्ताको एक किस्ता बराबरको रकमलाई किस्ताका रूपमा नभई विवादित रकम मानी धरौटीका रूपमा बुझाएपछि काटिएको विद्युत्को लाइन जोड्ने गरी मध्यमार्गी प्रस्ताव आएको महासङ्घले प्रेस विज्ञप्तिमार्फत जनाएको छ।

विज्ञप्तिअनुसार उक्त धरौटी रकम बुझाएपछि उद्योगीहरू पुनरावलोकनमा जाने र सँगै अन्य कानुनी उपचार पनि खोज्न सक्नेछन्। त्यस्तै, सम्बन्धित उद्योगीले प्राधिकरणमा धरौटी बुझाउँदा नै सोही निवेदनमा आफ्नो असहमतिसमेत राखी पुनरावलोकन एवं अन्य व्यहोरा उल्लेख गरी पेस गर्न सक्नेछन्। अहिले करिब दुई दर्जन उद्योगको डेडिकेटेड र ट्रंकलाइन प्रयोग गरेबापतको प्रिमियम रकम नबुझाएको भन्दै प्राधिकरणले विद्युत् लाइन काटेको छ ।रासस

# अर्थमन्त्री खनालसँग नेपालका लागि कोरियाका राजदूतको शिष्टाचार भेट



काठमाण्डु । अर्थमन्त्री रामेश्वरप्रसाद खनालसँग नेपालका लागि कोरिया गणतन्त्रका राजदूत पार्क ते यङले शिष्टाचार भेट गर्नुभएको छ । अर्थ मन्त्रालयमा सोमबार भएको उक्त भेटमा अर्थमन्त्री खनालले कोरिया र नेपालबीच रहेको दुईपक्षीय कूटनीतिक सम्बन्धको चर्चा गर्दै कोरिया सरकारले प्रदान गर्दै आएको निरन्तर सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो।

साथै कोरियाको सहयोगमा सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरूको अवस्था सन्तोषजनक रहेको उल्लेख गर्दै अर्थमन्त्री खनालले कोरियासँगको आर्थिक साझेदारीलाई निरन्तरता दिइने बताउनुभयो । सोअवसरमा राजदूत पार्कले कोरिया सरकारको एजेन्सी कोइका र नेपाल सरकारबीचको द्विपक्षीय सम्बन्ध स्थापनाको ३० वर्ष पुगेको स्मरण गर्दै आगामी दिनमा थप समन्वय र सहकार्यका आशा व्यक्त गर्नुभयो । साथै कोरियन लगानीकर्तालाई नेपालमा लगानीको लागि प्रोत्साहित गर्न र नेपाली उत्पादनहरूको प्रवर्द्धनका लागि आवश्यक सहजीकरण गरिने बताउनुभयो। साथै, नेपाली कामदार हरूलाई कोरिया रोजगारीका लागि लैजान सहज होस भनेर कोरिया सरकारले छुट्टै भिसा सेन्टर स्थापना गर्न लागेको विषय समेत जानकारी गराउनु भयो।

त्यसैगरी उहाँले इपिएस प्रणालीअन्तर्गतरोजगारीकालागिकोरिया गई फर्किएका नेपाली नागरिकहरूको उद्यमशिलता प्रवर्द्धनका लागि नयाँ व्यवसाय सञ्चालन गर्न कोइकाको सहयोगमा कृषि विकास बैंकमार्फत सहुलियत पूर्ण कर्जा उपलब्ध गराउनका लागि प्रक्रिया अगाडि बढाइएको र सोका लागि आवश्यक सहजीकरण गर्नसमेत अनुरोध गर्नुभएको अर्थमन्त्रीको सचिवालयले जनाएको छ ।रासस

# बागमती प्रदेशसभाको बैठक अनिश्चित

बागमती । नेपाली कांग्रेस केन्दीय समितिको बैठक लम्बिँदा बागमती प्रदेशसभाको बैठक अनिश्चित बनेको छ।

कांग्रेस केन्द्रीय समितिको बैठक लम्बिएको र सो बैठकमा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ सहभागी हुनुपर्ने भएकाले प्रदेशसभाको बैठक अनिश्चित बनेको हो।

लामो समयदेखि बस्न नसकेको बागमती प्रदेशसभाको बैठक कात्तिक तेस्रो साता बस्ने तयारी भए पनि मुख्यमन्त्री बानियाँले पार्टीको केन्द्रीय समितिको बैठकपश्चात् मात्र प्रदेशसभाको बैठक बोलाउने बताएकाले बैठकको मिति तय हुन नसकेको प्रदेशसभा सचिवालयका सचिव रामकुमार पौडेलले जानकारी दिनुभयो।

प्रदेशसभाको बैठकका लागि बागमती प्रदेशका उपसभामुख अपसारा चापागाईंले प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरुसँग परामर्श गरिरहनुभएको र उहाँसँगको परामर्शपश्चात् प्रदेशसभाको बैठकको मिति तय हुने सचिव पौडेलले बताउनुभयो । सम्भवतः कात्तिकको तेस्रो सातातिर बैठक बोलाउने गरी छलफल अघि बढ्केको उहाँले बताउनुभयो। बागमती प्रदेशसभाको सभाहल जेनजी आन्दोलनका क्रममा तोडफोड र आगजनीबाट ध्वस्त भएपछि हेटौँडा उपमहानगरपालिका-२ स्थित मुख्यमन्त्री कार्यालयको सभाहलबाट बैठक सञ्चालन गर्नेगरी प्रदेश सरकारले तयारी गरेको छ । तत्कालका लागि अस्थायी रुपमा मुख्यमन्त्री कार्यालयको नवनिर्मित सभाहलबाट बैठक सञ्चालन गर्नेगरी प्रदेश सरकारले तयारी थालेको हो । जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त बनेको सो हललाई सामान्य मर्मत गरेर प्रदेशसभा सञ्चालन गर्ने तयारी भइरहेको सचिव पौडेलले जानकारी दिनुभयो ।रासस



# पाकिस्तानले आणविक हतियार परीक्षण गरेको ट्रम्पको खुलासा

एएनआई

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पाकिस्तान सक्रिय रूपमा आणविक हतियार परीक्षण गर्ने राष्ट्रहरूको सूचीमा परिरहेको खुलासा गर्नुभएको छ । उहाँले यो विषयलाई अन्य शक्तिशाली राष्ट्रहरूबीचको व्यापक प्रतिस्पर्धात्मक ढाँचाको रूपमा प्रस्तुत गर्दै अमेरिकाले पनि आफ्ना आणविक परीक्षणहरू पुनः सुरु गर्नु अपरिहार्य भएको बताउनुभयो ।



सिबिएस न्युजको '६० मिनेट्स' कार्यक्रममा आइतबार प्रसारण गरिएको अन्तर्वार्तामा ट्रम्पले रुस, चीन, उत्तर कोरिया र पाकिस्तानलगायतका देशहरूले निरन्तर आणविक परीक्षण गरिरहेको दाबी गर्नुभयो । उहाँका अनुसार, अमेरिका मात्रै यस्तो राष्ट्र बनेको छ जसले परीक्षण नगर्ने नीतिलाई निरन्तरता दिएको छ ।

"रुसले परीक्षण गर्छ, चीनले पनि गर्छ, तर उनीहरूले त्यसबारे बोल्दैनन् । हामी भने खुला समाज हौं, हामी फरक छौं । हामीले यसबारे जनतालाई जानकारी दिनैपर्छ, किनभने पत्रकारहरूले यो विषयमा रिपोर्ट गर्छन् । अन्य देशमा त पत्रकारहरूले यसबारे लेख्न पनि पाउँदैनन्", उहाँले भन्नुभयो, "हामी पनि परीक्षण गर्न जाँदैछौं, किनभने अन्य सबै राष्ट्रहरूले गरिरहेका छन् । निश्चित रूपमा उत्तर कोरियाले गरिरहेको छ र पाकिस्तानले पनि परीक्षण गरिरहेको छ ।"

रुसले हालै पोसाइडन अन्डरवाटर ड्रोनसहित उन्नत आणविक क्षमतायुक्त प्रणालीको परीक्षण गरेपछि ३० वर्षभन्दा बढी समयपछि अमेरिका पुनः परीक्षणको तयारीमा रहेको प्रश्नमा उहाँले उक्त टिप्पणी गर्नुभएको हो ।ट्रम्पले भन्नुभयो, "रुसले परीक्षण गर्ने घोषणा गरिसक्यो । उत्तर कोरिया निरन्तर परीक्षण गर्दैछ। अन्य देशहरूले पनि गरिरहेका छन् । परीक्षण नगर्ने एक मात्र देश हामी हौं र म यस्तो स्थिति रहोस् भन्ने चाहन्न ।"

उहाँले अमेरिकासँग विश्वका सबैभन्दा बढी आणविक हतियार रहेको दाबी गर्दै रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र चिनियाँ राष्ट्रपति सी जिनपिङसँग निःशस्त्रीकरणबारे छलफल गरेको बताउनुभयो ।ट्रम्पका शब्दमा, "हामीसँग विश्वलाई १५० पटक नष्ट गर्न सक्ने जति हतियारहरू छन् । रुससँग पनि धेरै छन् र चीनले तीव्र रूपमा वृद्धि गरिरहेको छ । उनीहरूसँग अहिले कम भए पनि चाँडै धेरै हुनेछ ।"यसअघि बिहीबार उहाँले रुसको हालैको उन्नत आणविक प्रणालीको परीक्षणलाई औंल्याउँदै अमेरिकाले तत्काल आणविक हतियार परीक्षण पुनः सुरु गर्ने घोषणा गर्नुभएको थियो । यसले दुई आणविक शक्तिहरूबीचको तनाव पुनः चर्किने सङ्केत दिएको छ ।

एयर फोर्स वानमा प्रस्थान गर्नुअघि पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले भन्नुभयो, "आणविक निःशस्त्रीकरण ठूलो कुरा हो, तर जब अरूले परीक्षण गर्छन्, हामीले पनि त्यसको जवाफ दिनैपर्छ । हामीसँग अरू सबैभन्दा धेरै आणविक हतियार छन्, तर हामी मात्र परीक्षण नगर्ने राष्ट्र बन्नु उचित हुँदैन ।"उहाँले परीक्षणका लागि तयारी भइसकेको तर समय र स्थान खुलाउन नमिल्ने जानकारी दिनुभयो ।

विश्वव्यापी आणविक परिदृश्य अझ अस्थिर हुनसक्ने चिन्ताबारे सोधिएको प्रश्नमा उहाँले जवाफ दिनुभयो, "मलाई लाग्छ हामीले यसलाई राम्रोसँग नियन्त्रणमा राखेका छौं ।"यसैबीच, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकासँगको सन् २००० मा हस्ताक्षर गरिएको 'प्लुटोनियम डिस्पोजल सम्झौता' औपचारिक रूपमा समाप्त गर्ने कानूनमा हस्ताक्षर गर्नुभएको छ ।

# विश्व वरीयतामा भारतीय पासपोर्टको हैसियत किन कमजोर बन्दैछ

बीबीसी

काठमाण्डु । यस वर्षको सुरुमा एक भारतीय 'ट्राभल इन्फ्लुअन्सर'ले आफ्नो देशको कमजोर राहदानीका बारेमा गुनासो गरेको भिडिओ सामाजिक सञ्जालमा भाइरल भएको थियो।उनले भुटान र श्रीलङ्काजस्ता छिमेकी देशहरूमा भारतीय पर्यटकहरू बढी जाने गरे पनि धेरैजसो पश्चिमा र युरोपेली देशहरूमा यात्रा गर्न भिसा पाउनु चुनौती नै रहेको जनाएका थिए।भारतीय राहदानीको कमजोर हैसियतप्रति उनको असन्तुष्टि पछिल्लो हेन्ली पासपोर्ट इन्डेक्समा प्रतिबिम्बित भएको थियो।पहिला नै प्रवेशाज्ञा नलिई धेरै देशमा प्रवेश पाउने गरी अर्थात् 'भिसा फ्री' यात्रामा आधारित विश्वको राहदानीहरूको उक्त श्रेणीकरण प्रणालीले भारतलाई १९९ देशहरूमध्ये ८५औं स्थानमा राखेको छ।




त्यो गत वर्षको तुलनामा पाँच स्थान कम हो।बीबीसीले भारतीय विदेश मन्त्रालयलाई सम्पर्क गरेको छ। तर सरकारले हालसम्म उक्त रिपोर्टबारे टिप्पणी गरेको छैन। भारतभन्दा निकै सानो अर्थतन्त्र भएका रुवान्डा, घाना र अजरबैजानजस्ता देशहरू उक्त सूचकाङ्कमा क्रमशः ७८औं, ७४औं र ७२औं स्थानमा छन्।विश्वको पाँचौं ठूलो अर्थतन्त्र भारत भने उक्त सूचीमा तीभन्दा तल छ। खासमा पछिल्लो एक दशकमा भारतको स्थान ८० आसपासमा कायम थियो। सन् २०२१ मा यो ९०औं स्थानमा पनि झरेको थियो।

जापान, दक्षिण कोरिया र सिङ्गापुर जस्ता एसियाली राष्ट्रहरूको तुलनामा यो वरीयता निराशाजनक छन् जो लगातार शीर्ष स्थानमा छन्।गत वर्षझैं यस वर्ष सिङ्गापुर १९३ देशहरूमा 'भिसा फ्री' प्रवेश पाउनेगरी यात्रा गर्न सक्ने हैसियतमा उक्त सूचीको शीर्ष स्थानमा छ।दक्षिण कोरिया १९० गन्तव्यहरूमा 'भिसा फ्री' पाउने गरी दोस्रो स्थानमा छ भने जापान १८९ देशहरूसहित तेस्रो स्थानमा छ।भारतीय राहदानी वाहकहरूले ५७ देशहरूमा 'भिसा फ्री' प्रवेश पाउँछन्।अफ्रिकी देश मौरिटानियाका नागरिकहरू समेत भारतसँग ८५औं स्थानमा छन्।

### राहदानीको शक्तिले के देखाउँछ?

राहदानीको शक्तिले देशको 'सफ्ट पावर' र विश्वव्यापी प्रभावलाई प्रतिबिम्बित गर्छ।

त्यसले उसका नागरिकहरूका लागि राम्रो आउजाउ गर्न सक्ने अवस्था समेत सिर्जना गर्दै व्यापार र सिकाइका अवसरहरू बढाउँछ। जबकि राहदानी कमजोर हुँदा बढी कागजी कार्य, महँगो भिसा, यात्रामा कम विशेषाधिकार र त्यसका लागि लामो समय पर्खनुपर्ने हुन्छ।तर श्रेणीमा गिरावट आए पनि भारतीयहरूलाई 'भिसा फ्री' पहुँच प्रदान गर्ने देशहरूको सङ्ख्या खासमा विगत एक दशकमा बढेको छ।

उदाहरणका लागि, प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) सत्तामा आएको वर्ष सन् २०१४ मा ५२ देशहरूले भारतीयहरूलाई 'फ्री भिसा' यात्रा गर्न दिन्थे र उसको राहदानी सूचकाङ्कमा ७६औं स्थानमा थियो।एक वर्षपछि त्यो ८५ औं स्थानमा झर्‍यो। त्यसपछि सन् २०२३ र सन् २०२४ मा ८०औं स्थानमा पुग्दै यस वर्ष फेरि ८५औं स्थानमा झर्‍यो।यसैबीच भारतीयहरूका लागि 'भिसा फ्री' गन्तव्यहरू सन् २०१५ मा ५२ बाट बढेर सन् २०२३ मा ६० र सन् २०२४ मा ६२ पुगेको छ।

सन् २०२५ मा ५७ रहेको 'भिसा फ्री' गन्तव्यहरूको सङ्ख्या २०१५ मा ५२ थियो। तैपनि यी दुवै वर्षमा भारतको स्थान ८५ छ। त्यसो किन त?विज्ञहरूका भनाइमा यसको प्रमुख कारण विश्वव्यापी आउजाउमा देखिएको बढ्दो प्रतिस्पर्धात्मक परिदृश्य हो।त्यसको अर्थ देशहरूले आफ्ना नागरिक र आफ्नो अर्थतन्त्रलाई फाइदा पुर्‍याउनका लागि बढी यात्रा साझेदारीमा प्रवेश गरिरहेका छन्। हेन्ली एन्ड पार्ट्नर्सको सन् २०२५ को रिपोर्ट अनुसार 'भिसा फ्री' पहुँच गर्न सक्षम हुने गन्तव्यहरूको विश्वव्यापी औसत सङ्ख्या सन् २००६ मा रहेको ५८ बाट बढेर सन् २०२५ मा १०९ पुगेको छ।

जस्तै चीनले विगत एक दशकमा आफ्ना नागरिकहरूले यात्रा गर्न सक्ने भिसा फ्री गन्तव्यहरूको सङ्ख्या ५० बाट बढाएर ८२ पुर्‍याएको छ। फलस्वरूप सोही अवधिमा त्यस सूचकाङ्कमा उसको स्थान ९४औंबाट ६०औं स्थानमा सुधार भएको छ।हेन्ली पासपोर्ट सूचकाङ्क विश्वव्यापी भिसा नीतिहरूमा परिवर्तनहरू प्रतिबिम्बित गर्न त्रैमासिक रूपमा अद्यावधिक गरिन्छ।जसअनुसार भारत गत जुन-जुलाईमा सो सूचकाङ्कमा ७७औं स्थानमा थियो। उसले ५९ देशहरूमा भिसा फ्री पहुँचको लाभ उठाएको थियो। अक्टोबरमा उसले दुई देशहरूमा पहुँच गुमाएपछि ८५औं स्थानमा झरेको छ।

### भारतलाई असर पार्ने अन्य कारण

आर्मेनियाका लागि पूर्वभारतीय राजदूत अचल मल्होत्राका भनाइमा देशको राहदानीको शक्तिलाई असर गर्ने अन्य विभिन्न कारणहरू पनि छन्।जस्तै, उसको आर्थिक तथा राजनीतिक स्थिरता एवं अन्य देशका नागरिकहरूको स्वागतमा देखाइने उदारता।उदाहरणका लागि अमेरिकी राहदानी शीर्ष १० बाट बाहिरिएर अब १२ औं स्थानमा छ। जुन उसको एक ऐतिहासिक न्यून बिन्दु हो।

उक्त प्रतिवेदनले देखाएको एउटा कारण विश्व राजनीतिमा यसको बढ्दो कडिकडाउ भएको बताइएको छ।मल्होत्रा सन् १९७० को दशकमा भारतीयहरूले धेरै पश्चिमी र युरोपेली देशहरूमा कसरी 'भिसा फ्री' यात्राको अवसर पाउँथे र सन् १९८० को दशकमा खालिस्तान आन्दोलनपछि त्यो कसरी फेरियो भन्ने स्मरण गर्छन्। भारतमा सिखहरूको लागि स्वतन्त्र भूमिको माग गर्ने खालिस्तान आन्दोलनले भारतमा आन्तरिक अशान्ति निम्त्यायो।त्यसपछिका राजनीतिक उथलपुथलहरूले स्थिर एवं लोकतान्त्रिक देशको रूपमा भारतको छविलाई अझ कमजोर बनाएको छ।

"कैयौं देशहरू आप्रवासीहरूबाट समेत सतर्क हुँदै गइरहेका छन्," मल्होत्रा भन्छन्, "अन्य देशहरूमा बसाइँ सर्ने वा भिसाको म्याद सकिएपछि पनि बस्ने भारतीयहरूको सङ्ख्या धेरै छ र यसले देशको प्रतिष्ठामा असर गर्छ।"मल्होत्राका भनाइमा कुनै देशको राहदानी कति सुरक्षित छ भन्ने कुराले र त्यहाँको अध्यागमन प्रक्रियाहरूले पनि 'भिसा फ्री' पहुँच प्राप्त गर्न भूमिका निर्वाह गर्छ। भारतको राहदानी सुरक्षा खतराको मारमा समेत रहन्छ। सन् २०२४ मा दिल्ली प्रहरीले भिसा र राहदानी ठगीको आरोपमा २०३ जनालाई पक्राउ गरेको थियो।

भारत झन्झटिला अध्यागमन प्रक्रियाहरू र भिसा प्रशोधनको सुस्त गतिको लागि पनि परिचित छ।मल्होत्राका भनाइमा भारतको हालै सुरु गरिएको इलेक्ट्रोनिक राहदानी वा ई-पासपोर्ट जस्ता प्राविधिक प्रगतिहरूले सुरक्षा सुधार गर्न र अध्यागमन प्रक्रियालाई सहज बनाउन सघाउन सक्छ।ई-पासपोर्टमा हुने एउटा सानो चिपले बायोमेट्रिक जानकारी भण्डारण गर्ने हुँदा त्यसले राहदानी दुरुपयोग हुने सम्भावना कमजोर पार्छ।तर थप कूटनीतिक पहुँच एवं यात्रा सम्झौताहरू भारतीयहरूको विश्वव्यापी गतिशीलता बढाउन र त्यसैगरी भारतीय राहदानीको श्रेणी बढाउन लागि महत्त्वपूर्ण हुनेछन्।

# प्राचीन इजिप्टप्रति समर्पित विशाल संग्रहालयमा टूटन्कामनको चिहानमा फेला परेका हजारौँ वस्तु

वीवीसी

काठमाण्डु । गाजाका विशाल पिरामिडहरूको मुन्तिर निर्मित अनि लामो समयदेखि प्रतीक्षा गरिएको विशाल सङ्ग्रहालय 'ग्र्यान्ड इजिप्शन म्यूजिअम' अन्ततः खुल्न लागेको छ।



झन्डै १२० एकर (०.५ वर्गकिलोमिटर) क्षेत्रमा फैलिएको यो सङ्ग्रहालय फ्रान्सको लूभ्र सङ्ग्रहालयभन्दा दुई गुना ठूलो ठाउँमा फैलिएको छ। यहाँ ७०,००० देखि एक लाख वटासम्म विभिन्न कलावस्तु राखिने छ। तिनमा किशोर सम्राट टूटन्कामनको समाधिस्थलमा फेला परेका तर यसअघि नदेखिएका वस्तुहरू पनि हुने छन्।

सन् २००२ मा घोषणा गरिएको र सन् २०१२ मा खुल्ने भनिएको उक्त सङ्ग्रहालयको निर्माण लागत, राजनीतिक अस्थिरता, कोभिड महामारी तथा क्षेत्रीय तनावजस्ता कारणले बारम्बार ढिलो हुन पुग्यो। उक्त बृहत् परियोजनाको लागत करिब १.२ अर्ब डलर हो। त्यसको ठूलो हिस्सा जापानको अन्तर्राष्ट्रिय सहयोग नियोग जाइकाले ऋणका रूपमा उपलब्ध गराएको छ। 'संसारलाई इजिप्टको उपहार' भनेर प्रधानमन्त्री मोस्तफा मद्बुलीले भनेको उक्त सङ्ग्रहालयले इजिप्शन संस्कृतिको प्रमुखता तथा प्रभाव देखाउने छ र त्यहाँको अर्थतन्त्रलाई उकास्ने छ।"प्राचीन इजिप्ट भनेबित्तिकै सबै जनालाई आकर्षित गर्छ," कायरो विश्वविद्यालयकी प्राध्यापक सलिमा इक्रमले भनिन्। "ग्रीक, रोमन तथा फोनेशियाली सबैले इजिप्टलाई रहस्य र ज्ञानको भूमिका रूपमा हेर्थे।" समकालीन इजिप्टवासीहरूलाई उनीहरूको प्राचीन सम्पदासँग जोड्न मद्दत पुग्ने आशा सङ्ग्रहालयको छ।

"यसले राष्ट्रिय गौरव बढाउने छ," प्राध्यापक इक्रमले भनिन्, "जसले प्राचीन इजिप्टलाई मानिसको दैनिक जीवनसँग र प्रत्येक इजिप्टवासीको मनमा राष्ट्रवादी भावनालाई जोड्ने छ।"सन् २०२५ को नोभेम्बर १ शनिवारका निम्ति तय गरिएको सङ्ग्रहालयको उद्धाटन समारोहमा जर्मन राष्ट्रपति फ्र्याङ्क-वाल्टर स्टाइन्मायर र बेल्जमका राजा फिलिपे सहभागी हुने छन्। उक्त दिन सार्वजनिक बिदा दिइएको छ।

उक्त समारोह टिकटकमा प्रत्यक्ष प्रसारण हुने छ। अनि विभिन्न ठाउँका मुख्य चोकहरूमा ठूलो पर्दामा देखाइने छ। सन् १९२२ मा प्राचीन इजिप्टबारे विज्ञता भएका इतिहासकार हवार्ड कार्टरले टूटन्कामनको बिर्सिएको समाधिस्थल उत्खनन गरेपश्चात् ती सम्राटबारे धेरैको ध्यानाकर्षण भयो।विश्वभरिका सहरहरूमा प्रदर्शन भएको दशकौंपश्चात् उनको सुनौलो मुखुन्डो अनि उनको समाधिमा उनीसँगै गाडिएका ५,००० वटा वस्तुहरू सङ्ग्रहालयमा देखाउन राखिने छ। तीमध्ये कैयौं वस्तु यसअघि सार्वजनिक रूप प्रदर्शनमा राखिएको थिएन।

"टूटन्कामनको समाधिमा गाडिएका सबै कलावस्तु एकैठाउँमा प्रदर्शन हुँदा त्यो गजब हुने छ," प्राध्यापक इक्रमले भनिन्।"मलाई लाग्छ भविष्यमा घुम्न आउने अधिकांश टोलीहरू टूटन्कामनको ग्यालरीमा केन्द्रित हुने छन् - अनि सङ्ग्रहालयका बाँकी वस्तु चाहिँ खाँटी उत्सुकहरूले मजाले हेर्ने छन्," म्यान्चेस्टर म्यूजिअमको इजिप्ट र सुडान क्यूरेटर डा क्याम्प्बेल प्राइसले भने। उनले जीईएमको भ्रमण गरेका छन्।

"मुख्य ग्यालरीहरू उत्तिकै अद्भुत छन् र हरेक वस्तुलाई यथोचित स्थान दिइएको छ। म निकै सन्तुष्ट भएँ। मलाई त्यसले भावुक बनायो।" सम्राट टूटन्कामनको खजानासँगै त्यहाँ अन्य कैयौं उल्लेखनीय कलावस्तु पनि हुने छन्। तीमध्ये ३,२०० वर्ष पुरानो रामसीस महान्‌को विशाल मूर्ति पनि पर्छ। उक्त मूर्तिले आगन्तुकहरूलाई सङ्ग्रहालयको मुख्य हलमा स्वागत गर्ने ।उक्त मूर्ति तथा अन्य ७,००० वर्षसम्म पुराना वस्तुहरूको आआफ्नै ओजिलो इतिहास छ।रामसीस महान्‌को विशाल मूर्ति गत ५१ वर्षसम्म कायरोको मुख्य ट्रेन स्टेशनमा प्रतिस्थापित थियो। त्यसलाई जीईएममा स्थानान्तरण गर्नुअघि सहर डुलाइएको थियो।

साथै सङ्ग्रहालयमा राजा खुफुको सौर्य डुङ्गा - ४,६०० वर्ष पुरानो उक्त फुनररी भेसल संसारको सबभन्दा प्राचीन र राम्ररी संरक्षित पानीजहाजमा पर्छ - का लागि छुट्टै विशेष कक्ष छ। तर जाही हवासका निम्ति सङ्ग्रहालयको उद्धाटन केवल प्राचीन वस्तुहरूको प्रदर्शन मात्र होइन। फरासिला तथा साहसिक पुरातत्त्वविद्का रूपमा परिचित हवास यसलाई इजिप्टको प्राचीन सम्पदामा इजिप्टवासीहरूकै दाबी पुनर्स्थापित हुने तथा उसको सौम्य शक्तिको प्रदर्शन हुने पनि ठान्छन्।

"हाम्रा स्मारकहरूका वैज्ञानिक हामी आफैं हुने अब समय आएको छ," उनले भने। "भ्याली अफ किङ्समा ६४ वटा समाधि फेला परे। तर तीमध्ये एउटा पनि इजिप्टेलीले उत्खनन गरेका थिएनन्।"इजिप्टमा भएका अधिकांश खोज उत्खनन - टूटन्कामनको समाधिसहित - विदेशी पुरातत्त्वविद्हरूले गरेको हवासले औंल्याए। लामो समयदेखि हवासले त्यहाँको सम्पदाको अध्ययन तथा संरक्षणका कार्यमा इजिप्टवासीहरू नै अग्रणी भूमिकामा हुनुपर्छ भन्दै आएका छन्। त्यसलाई नै उनले आफ्नो जीवनको अभियान बनाएका छन्।

लक्जरका पुरातत्त्व महानिर्देशक डा अब्देल्गफर वाग्दी नयाँ सङ्ग्रहालय त्यसै दिशातर्फको एक कदम ठान्छन्। "सन् २००२ यता इजिप्टभित्र प्राचीन इजिप्टको अध्ययन नयाँ र उत्साहजनक चरणमा प्रवेश गरेको छ," उनले भने। "स्वामित्वको अनुभूति बढ्दो छ अनि कैयौं महत्त्वपूर्ण उत्खनन तथा सम्पदा परियोजनाहरू इजिप्टकै विज्ञहरूले अगुवाइ गरिरहेका छन्।"

नयाँ सङ्ग्रहालयलाई सबै इजिप्टवासीहरूका निम्ति साझा थलोको रूपमा परिकल्पना गरिए तापनि त्यसको प्रवेश शुल्कले धेरैलाई बाहिरै राख्ने छ। इजिप्टवासीका निम्ति प्रवेश शुल्क प्रतिवयस्क २०० इजिप्शन पाउन्ड वा ४ स्टर्लिङ पाउन्ड राखिएको छ। विदेशीहरूलाई राखिएको १,२०० इजिप्शन पाउन्ड वा २५ डलरभन्दा त्यो निकै थोरै हो तापनि कैयौं स्थानीय परिवारका निम्ति त्यो निकै महँगो हो।

"तपाईंले मृतहरूलाई मात्र ध्यान दिएर हुँदैन। बाँचिरहेकाहरूको पनि हेरविचार गर्नुपर्छ," प्राध्यापक इक्रमले भनिन्। "यो सबैको निम्ति हो। तर प्रवेश शुल्क कतिपयको लागि अलि बढी छ।" हवासका निम्ति ग्र्यान्ड इजिप्शन म्यूजिअमको उद्धाटन केवल इजिप्टको इतिहास संरक्षणसँग मात्र नभई खोजको केन्द्रका रूपमा उसको भविष्यसँग पनि जोडिएको छ।

ठूलाठूला ग्यालरीका अतिरिक्त यो सङ्ग्रहालयमा यस क्षेत्रकै अत्याधुनिक संरक्षण केन्द्र तथा अनुसन्धान प्रयोगशाला रहने छन् जहाँ इजिप्टका तथा अन्तर्राष्ट्रिय टोलीहरूले अध्ययन, पुनर्स्थापना तथा अन्य नयाँ खोजका लागि आगामी कैयौं दशकसम्म निरन्तर काम गर्ने छन्।

"हाल म लक्जरको भ्याली अफ किङ्समा उत्खनन गरिरहेको छु। म सकरामा उत्खनन गरिरहेको छु," हवासले भने। "हामीले हालसम्म हाम्रा केवल ३०% स्मारकमात्र उत्खनन गर्न सकेका छौं - अझै ७०% त बालुवामुनि नै छन्।"सङ्ग्रहालयले उसका ठूला हलहरू सर्वसाधारणका निम्ति खोले पनि इजिप्टका महत्तम खजानाहरू अझै त्यहाँको मरुभूमिमुनि पुरिएका छन् - पुरातत्त्वमा उसको नयाँ युग बल्ल सुरु भएको छ।

# शाही परिवारप्रति 'नराम्रो' महसुस भएको राष्ट्रपति ट्रम्पको अभिव्यक्ति

एएफपी

एयर फोर्स वन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बेलायतका राजा चार्ल्स तृतीयका भाइ पूर्व राजकुमार एन्ड्र्यु र दिवङ्गत यौन अपराधी जेफ्री एपस्टिनबीचको अपमानजनक सम्बन्ध प्रकरणप्रति दुःख प्रकट गर्नुभएको छ । उहाँले उक्त घटनाका कारण बेलायती शाही परिवारप्रति 'नराम्रो महसुस' भएको बताउनुभयो ।



एयर फोर्स वनमा रहेका बेला एएफपीका पत्रकारले हालैको शाही विवादबारे प्रश्न गर्दा ट्रम्पले भन्नुभयो, "म निकै नराम्रो महसुस गर्छु । यो परिवारका लागि निकै डरलाग्दो र दुःखद अवस्था हो । वास्तवमै म उहाँहरूप्रति सहानुभूति महसुस गर्छु ।"

७९ वर्षीय ट्रम्प आफैं पनि न्युयोर्कका धनी वित्तीय कारोबारी एपस्टिनसँगको आफ्नै सम्भावित सम्बन्धका कारण पछिल्ला महिनाहरूमा राजनीतिक दबाबमा रहँदै आउनुभएको छ । एपस्टिनको सन् २०१९ मा जेलमा रहँदै मृत्यु भएको थियो ।ट्रम्पको टिप्पणी त्यस्तो समयमा आएको छ जतिबेला बेलायती सरकारले पूर्व राजकुमार एन्ड्र्युको बाँकी रहेको मानार्थ 'भाइस-एडमिरल' पद समेत खोस्ने तयारी गरिरहेको छ । उहाँलाई अब औपचारिक रूपमा एन्ड्र्यु माउन्टब्याटन-विन्डसर भनेर चिनिन्छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले विगतमा बेलायती शाही परिवारप्रति बारम्बार प्रशंसा प्रकट गर्नुभएको छ । केही महिना अघि सेप्टेम्बर महिनामा राजा चार्ल्सले उहाँलाई भव्य राजकीय भ्रमणका क्रममा विन्डसर क्यासलमा राजकीय भोज, सैन्य परेड र फ्लाइओभरसहितको स्वागत गर्नुभएको थियो ।तर यता 'एपस्टिन फाइल' का नामले चिनिएका कागजातहरू पुनः सार्वजनिक भएपछि एपस्टिनसँग लामो समयको सम्बन्ध रहेका ट्रम्पको दोस्रो कार्यकाल पनि विवादको केन्द्रमा तानिएको छ ।

जुलाईमा ट्रम्प प्रशासनले नयाँ प्रमाण नपाइएकाले एपस्टिनसम्बन्धी थप कागजात सार्वजनिक गर्ने वा नयाँ अनुसन्धान सुरू गर्ने कुनै आवश्यकता नभएको घोषणा गरेको थियो । एपस्टिनले आफूले यौन मसाजका नाममा भर्ती गराएका कम उमेरका किशोरीहरूलाई यौन तस्करीमा प्रयोग गरेको अभियोगमा जेल सजायको पर्खाइमै आत्महत्या गरेका थिए ।

अधिकारिहरूले उक्त मृत्यु आत्महत्या भएको पुष्टि गरे पनि यस घटनापछि ट्रम्पका समर्थकहरूबीच अनेकौं षड्यन्त्र सिद्धान्त फैलिएका छन् – जसअनुसार एपस्टिनलाई उच्च-प्रोफाइल व्यक्तिहरूको रहस्य उजागर हुन नदिन हत्या गरिएको थियो ।

ट्रम्पले भने एपस्टिनसँग कुनै प्रत्यक्ष संलग्नता नरहेको बारम्बार दोहोर्‍याउँदै यो विषयलाई आफ्ना राजनीतिक प्रतिद्वन्द्वीहरूले सिर्जना गरेको 'पूर्ण कपट' भनेर खारेज गर्नुभएको छ ।पूर्व राजकुमार एन्ड्र्यु र एपस्टिनबीचको सम्बन्धले बेलायतमा ठूलो सार्वजनिक आक्रोश सिर्जना गरेको छ । यसै कारण राजा चार्ल्स तृतीयले विगत बिहीबार आफ्ना कान्छा भाइ एन्ड्र्युका सबै बाँकी शाही उपाधि र सम्मानहरू खोस्नुभएको र उहाँलाई विन्डसर एस्टेटस्थित स्थायी निवासबाट निष्कासन गर्नुभएको थियो ।

बेलायती रक्षामन्त्री जोन हिलीले आइतबार बिबिसीसँगको अन्तर्वार्तामा भन्नुभयो, "राजाको निर्देशनअनुसार हामी अहिले उहाँको बाँकी रहेको भाइस-एडमिरलको उपाधि पनि हटाउने तयारीमा छौं ।"एन्ड्र्युले सन् १९८२ को फकल्यान्ड युद्धमा रोयल नेभीमा हेलिकप्टर पाइलटका रूपमा सेवा गर्नुभएको थियो र त्यसका लागि सम्मानित हुनुभएको थियो । उहाँले २२ वर्षको सैन्य सेवापछि सन् २००१ मा सेवानिवृत्ति लिनुभएको थियो ।

सन् २०२२ मा एपस्टिनकी मुख्य अभियोगकर्ता भर्जिनिया गिफ्रेद्वारा दायर मुद्दापछि, तत्कालीन रानी स्वर्गीय एलिजाबेथ द्वितीयले पनि एन्ड्र्युका अन्य मानार्थ सैन्य उपाधि खोस्नुभएको थियो । गिफ्रेको दाबीअनुसार उनलाई किशोरावस्थामै तस्करी गरी एन्ड्र्युसँग तीन पटक यौन सम्बन्ध राख्न बाध्य पारिएको थियो, जसमा दुई पटक उनी केवल १७ वर्षकी थिइन् ।एन्ड्र्युले भने ती सबै आरोपहरू अस्वीकार गर्दै आफू निर्दोष रहेको दाबी गर्दै आउनुभएको छ । रासस

# पर्यटक बोलाउन 'जाउँ है बेगनास पोखरा' कार्यक्रम

गण्डकी । होटल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथको आयोजना एवम् नेपाल पर्यटन बोर्ड र पोखरा भ्रमण वर्ष २०२५ को सहयोगमा आइतबारदेखि पश्चिम नेपालमा जाउँ है बेगनास पोखरा कार्यक्रम सञ्चालन गरिएको छ।



पश्चिम नेपालका बुटवल, बर्दिया, सुर्खेतलगायतका क्षेत्रलाई लक्षित गरी लेखनाथ क्षेत्रका पर्यटन व्यवसायी एवम् पर्यटन सम्बद्ध ३७ सदस्यीय प्रतिनिधिमण्डल प्रवर्द्धनात्मक कार्यक्रममा निस्केको होटेल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका अध्यक्ष वीरभद्र कँडेलले जानकारी दिनुभयो ।आन्तरिक पर्यटनको प्रवर्द्धनसँगै पर्यटकीय साझेदारी बढाउने उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको उहाँले बताउनुभयो । यसैबीच टोलीले लुम्बिनी प्रदेशको बुटवलमा यहाँका पर्यटन व्यवसायीसँग आज अन्तरक्रिया गरेको छ।

कार्यक्रममा होटल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका सल्लाहकार एवम् पोखरा भ्रमण वर्ष २०२५ का सहसंयोजक दामोदरभक्त थापाले लेखनाथ क्षेत्रमा रहेका रामसार सूचिमा सूचिकृत बेगनासताल, रुपातालगायतका सात तालले पर्यटकीय सम्भावना बोकेको बताउनुभयो।पोखरासहित लेखनाथ क्षेत्रका पर्यटकीय गन्तव्यमा आउन उहाँले बुटवलका पर्यटन व्यवसायीसँग आग्रह गर्नुभयो । पर्यटकीय साझेदारीका लागि आफूहरू तयार रहेको उहाँको भनाइ थियो।

होटेल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका अध्यक्ष कँडेलले पोखरा आएका पर्यटकलाई बुटवल पठाउने र बुटवल आएका पर्यटकलाई पोखरा पठाएर दुवै क्षेत्र लाभान्वित बन्ने धारणा राख्नुभयो।होटल तथा रेष्टुरेन्ट एशोसिएसन रुपन्देहीका अध्यक्ष माधवकुमार खनालले पोखरासँग रुपन्देही पर्यटकीय साझेदारीका लागि तयार रहेको बताउँदै आफूहरूले बुटवलमा आएका पर्यटकलाई पोखरा पठाउने गरेको बताउनुभयो।

रुपन्देही गौतमबुद्धको जन्मस्थलसँगै धेरै ऐतिहासिक महत्वका स्थलरहको उहाँले जानकारी दिनुभयो । पोखरा महानगरपालिकाकालेखाअधिकृतछविलाल शर्माले आपसी भाइचारासँगै साझेदारीले दुवै गन्तव्य लाभान्वित हुने बताउनुभयो ।होटेल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका महासचिव सुरेश लामिछानले तीन दिने प्रवर्द्धनात्मक कार्यक्रमका साथ सो टोली बर्दिया हुँदै सुर्खेतसम्म पुगी पर्यटन सम्बद्ध व्यवसायीसँग छलफल एवम् अन्तरक्रिया गरी पोखरा फर्कने जानकारी दिनुभयो। छलफलमा बुटवल क्षेत्रका पर्यटन व्यवसायी एवम् सञ्चारकर्मीको उपस्थिति थियो।रासस

# थप 'रेडपाण्डा' भेटियो

म्याग्दी । यहाँको धवलागिरि गाउँपालिकाको वडा नं -२ र ३ का जलजला, मुना र मरेनी क्षेत्रमा थप सङ्कटापन्न रेडपाण्डा (हाब्रे) भेटिएका छन्। यसका लागि सो क्षेत्रमा तीन 'क्यामेरा' जडान गरिएकामा दुईमा रेडपाण्डा भेटिएको हो।



"एक महिनासम्म स्थलगत अध्ययनका क्रममा रेडपाण्डाको दिसा भेटिएपछि क्यामेरा ट्यापिङ गरिएको थियो," जैविक विविधता संरक्षण समाज नेपालका कार्यक्रम अधिकृत पवन राईले उहाँले भन्नुभयो "सो क्षेत्रमा छ देखि २५ वटासम्म रेडपाण्डाको बसोबास भएको हाम्रो अध्ययनबाट पुष्टि भएको छ ।" स्थानीयवासीसहित अनुसन्धानकर्ताको टोलीले धवलागिरिको खिवाङ, मुदी, अर्चे, दर, ताकम, बगर, सिम्कोश, इटली आधार शिविर, मरेनी, लुलाङ, गुर्जाखानी, गुर्जा देउराली क्षेत्रमा समेत रेडपाण्डा भए /नभएको स्थलगत अध्ययन गरेका थिए । स्थानीयवासीले विसं २०८० को असोजमा ढोरपाटन सिकार आरक्षको गुर्जाघाट र २०८१ को मङ्सिरमा मुनाको दहपातल सामुदायिक वनको बञ्चरेडाँडा क्षेत्रमा हाब्रे भेटिएको तस्बिर भिडियो सार्वजनिक गरेका थिए।

विसं २०७३ मा विश्व वन्यजन्तु कोषको र हरियो वन कार्यक्रमको आर्थिक सहयोगमार्फत रेडपाण्डा नेटवर्क र हिमाली संरक्षण मञ्चका अनुसन्धानकर्ताले जलजला क्षेत्रमा पर्ने मरेनीमा रेडपाण्डाको दिसा भेट्टाएका थिए । अनुसन्धानकर्ता लरिसा गौतमले यस क्षेत्रमा रेडपाण्डा देखाउन पर्यटक भित्र्याएर समुदायमा आम्दानी र रोजगारीको अवसर सिर्जना गर्न सकिने जानकारी दिनुभयो।

"पर्यटकीय राजधानी पोखरादेखि नजिकै पर्ने जलजला क्षेत्रमा रेडपाण्डासँगै हिमाल, मनमोहक पहाडी भूगोलको अवलोकन गर्न पाउनु रेडपाण्डा पाइने अन्य ठाउँको भन्दा फरक विशेषता छ," उहाँले भन्नुभयो "रेडपाण्डासँग जोडेर खेलकुद प्रतियोगिता , घरवास र पदमार्ग सञ्चालन गर्न सकिन्छ ।" डिभिजन वन कार्यालयका प्रमुख विष्णुप्रसाद अधिकारीले गुर्जा, लुलाङ र मुनाको जङ्गलमा रहेका रेडपाण्डाको एकीन गणना नभए पनि प्रशस्तै रहेको अनुमान गरिएको जानकारी दिनुभयो । रातका समयमा रूखको टोड्कामा बास लिने र दिउँसोमा रूखका हाँगा बसी आराम गर्ने रेडपाण्डा भोक लागेको बेला निगालोको टुसालगायत झारपात खान भूईँमा झर्ने बताइएको छ।

रेडपाण्डाका लागि आवश्यक आहारा निगालो तथा पालिङ्गो र टोट्का पेका रुख गूर्जा, लुलाङ र मुनाको जङ्गलमा पर्याप्त छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत रेडपाण्डालाई संरक्षितको सूचीमा राखिएको छ।रेडपाण्डाको चोरी सिकारमा संलग्नलाई एक वर्षदेखि १० वर्ष कैद र रु एक लाखदेखि पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ। पछिल्लो अध्ययन अनुसार हाब्रेको सङ्ख्या नेपालमा पाँच सयदेखि एक हजार वटा रहेको अनुमान गरिएको छ। विश्वमा नेपाल, चीन, भारत, भुटान र म्यानमारमा मात्र हाब्रेको बासस्थान छ। अनुसन्धानकर्ताका अनुसार नेपालमा एलुरेन्स फ्युजन्स जातको हाब्रे रहेको बताइएको छ। यसैबीच दातृ निकाय टोलेडोजुका आर्थिक सहयोगमा जैविक विविधता संरक्षण समाज नेपाल (वायोकस) नेपालले रेडपाण्डाको बसोबास भएको धवलागिरि -२ र ३ मा पर्ने जलजला, मुना र मरेनी क्षेत्रमा संरक्षण कार्यक्रम लागू गरेको छ । समुद्री सतहबाट दुई हजार दुई सयदेखि चार हजार पाँच सय मिटरको उचाइमा बसोबास गर्ने रेडपाण्डालाई सरकारले सङ्टापन्न वन्यजन्तुको सूचीमा राखेको छ। जैविक विविधता संरक्षण समाज नेपालका अध्यक्ष लक्ष्मणप्रसाद पौडेलले डिभिजन वन कार्यालय, ढोरपाटन सिकार आरक्ष र सम्बद्ध स्थानीय तहसँग समन्वय गरेर समुदायस्तरमा रेडपाण्डा संरक्षणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने बजानकारी दिनुभयो।

"चोरीसिकारी, डढेलो, सडक विस्तार र मानवीय गतिविधिका कारण रेडपाण्डाको सङ्ख्या वृद्धि र संरक्षणमा चुनौती देखिएको छ," उहाँले भन्नुभयो "समुदायस्तरमा रेडपाण्डाको महत्व बुझाएर संरक्षणको प्रयास गरेका हौं।"

जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, युवा क्लब, आमा समूह, सामुदायिक वन उपभोक्ता समूह, किसानलाई रेडपाण्डा संरक्षणमा परिचालन गरिने अध्यक्ष पौडेलले जानकारी दिनुभयो। "हेर्दा आकर्षक देखिने लज्जालु र अल्छी स्वभावको रेडपाण्डाको महत्व नबुझेर अनायासै मार्ने गरेको पाइन्छ," उहाँले भन्नुभयो "रेडपाण्डाको छाला महँगोमा बिक्री हुने भ्रमका कारण अनायासै चोरीशिकार गर्ने समस्या हटाउन सकेमा मात्रै पनि यसलाई जोगाउन सकिन्छ।"रासस

नमोबुद्ध जात्राः

# बौद्ध धर्मावलम्बीको धार्मिक मेला

काभ्रेपलाञ्चोक। कात्तिक शुक्ल पूर्णिमा तिथि, पौराणिक कथानुसार शान्तिका प्रतीक गौतम बुद्धको पूर्वजन्ममा 'राजकुमार'ले देहत्याग गरी बघिनीलाई जीवन प्रदान गरेको दिन। काभ्रेपलाञ्चोकको ऐतिहासिक, धार्मिक, रमणीय तथा पर्यटकीयस्थल नमोबुद्ध गौतम बुद्धले लुम्बिनीमा पुनर्जन्म प्राप्त गरेपछिको जीवन त्याग गरेको भूमिका रुपमा परिचित छ।



नमोबुद्धस्थललाई 'नमोबुद्धाय नमः'बाट नमोबुद्ध नामकरण भएको दस्तावेजमा उल्लेख छ । उक्त स्थान नमोबुद्ध नगरपालिका-११ नमोबुद्धमा कात्तिक शुक्ल पूर्णिमाका अवसरमा चतुर्दशीदेखि प्रतिपदासम्म मेला लाग्छ। यस वर्ष उक्त मेला मङ्गलबारदेखि तीन दिनसम्म मनाइँदैछ। किंवदन्तीअनुसार द्वापरयुगका उनै राजकुमारको अस्थिपञ्जर गाडेर नमोबुद्धमा बनाइएको चैत्य र जीवन त्याग गरेको स्थानमा पूजाअर्चना तथा दीप प्रज्वलन गर्न बर्सेनि बौद्ध धर्मावलम्बीको घुइँचो लाग्छ।

बर्सेनि लाग्ने मेलामा करिब ५० हजार जनाले नमोबुद्ध देवस्थलको दर्शन तथा पूजाअर्चना गर्ने गरेका मन्दिर व्यवस्थापन समितिले जनाएको छ। जात्राको सुरुको रातभरि नमोबुद्धमा मेला लाग्छ भने मेला अवधिभर परम्परागत गीत तथा नृत्य प्रस्तुत गरिन्छ। नमोबुद्ध गुठीका अध्यक्ष लोप्साङ बज्र लामाका अनुसार मेला अवधिभर 'पितृ'को सम्झनामा बत्ती बालिन्छ।

उहाँ भन्नुहुन्छ, "यहाँ बर्सेनि पितृका लागि बत्ती बालिन्छ, बत्ती बाल्नाले पितृलाई वर्षभरि उज्यालो हुने मान्यता रहिआएको छ।" विशेषगरी तामाङ र नेवार समुदायका धर्मावलम्बीले मेला भर्ने गरेको नमोबुद्धका मूल लामागुरु कान्छा लामा बताउनुहुन्छ। उहाँका अनुसार तत्कालीन पञ्चलादेश (पनौती राज्य) का राजा महारथ र रानी सत्यवतीका तीन छोरा पूर्वतर्फको गन्धमान पर्वत (जङ्गल) मा सिकार खेल्ने क्रममा कान्छा राजकुमारले भोकले छट्पटिएकी सुत्केरी बघिनीलाई आफ्नो रगत र शरीरको मासु काट्दै खुवाएर आफूले देहत्याग गरी जीवन प्रदान गर्नुभएको किंवदन्ती छ।

सोही विश्वासका आधारमा प्रत्येक कात्तिक शुक्ल पूर्णिमाका अवसरमा ठूलो मेला लाग्छ। "पाँच डमरु जन्माउने बघिनीलाई लक्ष्मी र पाँच डमरु भिक्षु मानिएको हो, राजकुमारले बघिनीलाई बचाएर आफूले देहत्याग गरेपछि राजारानीले सोही नजिकै बाँकी जीवन चैत्यसेवामा बिताउनुभएको थियो," लामागुरु लामा भन्नुहुन्छ, "तत्पश्चात् राजारानी शत्रेश्वरी अजि-अजिमाको नामले चिनिनुहुन्छ।"

संवत् ९७४ मा गन्धमान पर्वतकै टुप्पोमा अस्थिपञ्जर जम्मा गरी स्तुपा (चैत्य) बनाएको अभिलेख पाइन्छ। उक्त पर्वत आठ हजार फिटको उचाइमा छ। सो पर्वतमा राजकुमारले बघिनीलाई आफैँले शरीरको मासु काटेर खुवाइरहेको दृश्य कुँदिएको मूर्ति स्थापित छ। नमोबुद्धमा सधैँजसो स्वदेशलगायत विदेशका बौद्धमार्गीको चहलपहल हुने स्थानीय राकेश लामा बताउनुहुन्छ।

नमोबुद्धमा भाद्र कृष्ण द्वादशी र चैत्र कृष्ण द्वादशीको दिन पनि मेला लाग्छ। प्रचलनअनुसार धार्मिक भाद्र कृष्ण द्वादशीको दिन नमाबुद्धको खटलाई पनौतीस्थित राजदरबारमा ल्याई दुई दीपङ्कर बद्ध, अजा-अजिमासहितको भव्य जात्रा आयोजना गर्ने गरिन्छ। राजकुमारको जन्मघर काशिवर्ण महावीर अर्थात् हाल पनौतीको प्रसिद्ध तलेजु भवानी नजिक हो।

धेरैजसो बुद्धमार्गी पनौतीभन्दा नमोबुद्धस्थल जाने गरेका छन्। उक्त गन्धमान पर्वत (हालको पर्यटकीय नमोबुद्ध) मा कल्पवृक्ष, रुद्राक्ष, अशोक, मसला, उत्तिस, सल्ला, अग्राख, लप्सी, कपुर, काफल, श्रीखण्डजस्ता सयौं प्रकारका रूखबिरुवा तथा बाघ, भालु, बँदेल खरायो, हरिणजस्ता जन्तु पाइन्थे।

पनौतीबाट शङ्ख उपत्यका हुँदै र पर्यटकीय नगरी धुलिखेलबाट हाइकिङ गरी नमोबुद्ध पुग्न सकिन्छ। हाल उक्त स्थानमा विशाल गुम्बा, मन्दिर, गुम्बा र चैत्य छन्। गुम्बामा बुद्ध पाठशालासमेत सञ्चालनमा छ। काठमाडौँबाट ३२ किलोमिटरको दूरी टाढाको धुलिखेलबाट १८ किलोमिटर दक्षिणतर्फ नमोबुद्ध पर्दछ। यस क्षेत्रमा लामा, महायानी गुम्बा, ढुङ्गाद्वारा निर्मित ठूल्ठूला बुद्धमूर्ति र चैत्य छन्। 'नमोबुद्ध महासत्व देगाल' सामान्य नेवारी घरशैलीको मन्दिर पनि छ। यस पर्वतबाट पनौती तथा हिमशृङ्खलासमेत अवलोकन गर्न सकिन्छ।रासस

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । सोमबार नेप्से परिसूचक आठ दशमलव २४ अङ्कले घटेर दुई हजार ६२२ दशमलव ८९ को विन्दुमा कायम भएको हो।




सोमबार ३३३ कम्पनीको एक करोड २१ लाख ८५ हजार ३८८ कित्ता शेयर ५४ हजार ८९२ पटक खरिदबिक्री हुँदा रु छ अर्ब पाँच करोड २२ लाख २६ हजार ९०३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

सोमबारको कारोबारमा विकास बैंक समूह एक दशमलव ११, होटल तथा पर्यटन शून्य दशमलव ०१, उत्पादन तथा प्रशोधन शून्य दशमलव २५, म्युचुअल फन्ड शून्य दशमलव २९, व्यापार शून्य दशमलव ९३ र अन्य समूह शून्य दशमलव ४२ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव २२, वित्त शून्य दशमलव १२, जलविद्युत् एक दशमलव ०५, लगानी शून्य दशमलव ७०, जीवन बीमा एक दशमलव ०५, लघुवित्त शून्य दशमलव ६३ र निर्जीवन बीमा शून्य दशमलव ०१ प्रतिशतले घटेको छ।

मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने इस्टर्न हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सोमबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको ३७ करोड ६८ लाख २४ हजार ४९४ बराबरको छ लाख १९ हजार ११४ कित्ता शेयर कारोबार भएको छ।रासस

# बेमौसमी वर्षाले ११ प्रतिशत धान नष्ट

तम्घास। यही कात्तिक १०, ११ र १२ गते परेको बेमौसमी वर्षाले गुल्मीमा ११ प्रतिशत धान नष्ट भएको छ। कृषि ज्ञानकेन्द्र गुल्मीका अनुसार हाल जिल्लामा उत्पादन हुनेमध्ये ११ प्रतिशत काटिसकेको धान पानीमा भिजेको छ।



यस वर्ष जिल्लामा सात हजार ९८८ हेक्टरमा धानखेती गरिएको थियो। जसमा २२ हजार ९०९ मेक्ट्रिक टन धान उत्पादन हुने लक्ष्य राखिएकामा ११ प्रतिशत अर्थात् दुई हजार ५२० मेक्ट्रिक टन धान पानीले भिजेर नष्ट भएको अनुमान गरिएको कृषि ज्ञान केन्द्र गुल्मीका सूचना अधिकारी टिकाराम न्यौपानेले जानकारी दिनुभयो।

जिल्लाको कुनै पनि ठाउँमा हालसम्म धानबालीको बीमा नगरिएको पनि उहाँले बताउनुभयो। गुल्मीको सबैभन्दा धेरै धान उत्पादन हुने क्षेत्र चौरासी फाँटमा ९९९ हेक्टरमा धान रोपिएको थियो । जसमध्ये ४० प्रतिशत धान काटिसकेको अवस्थामा खेतमा नै भिजेको छ।

तिहार लगत्तै धान काटेका किसान अहिले पानी परेसँगै चिन्तित भएका हुन्। लामो समयसम्म पानीले धान खेतमा नै भिज्दा टुसा पलाउन थालेका छन्। जसले गर्दा धानको मूल्य र उत्पादन घटेको छ।

इस्मा गाउँपालिका-६ का कमलप्रसाद भण्डारीले साढे चार रोपनीमा रोपेको धान यही कात्तिक ९ गते काट्नुभएको थियो। तर कात्तिक ११ गतेदेखि पानी पर्न सुरु गऱ्यो। काटिसकेको धानपानीले खेतमा नै डुबाउन थालेपछि उहाँले कात्तिक ११ र १२ गते १७ जना खेताला लगाएर धान उठाएर घर लैजानुभयो।

"घाम लागेकै बेला उठाउन पाएको भए थ्रेसर लगाएर झाटिन्थ्यो, धान र पराल छुट्टाछुट्टै हुन्थ्यो," उहाँले भन्नुभयो, "अहिले घाम लागेपछि झाँट्न सुरु गरेको, टुसा पलाएको छ।" गत वर्ष २५ मुरी धान फलेकामा यो वर्ष अधिकांश धान खेतमा नै पोखिएको गुनासो गर्नुभयो।

स्थानीय कृष्णप्रसाद घिमिरेले पनि गत असार र साउनमा ७५ रोपनीमा धान रोप्नुभएको थियो। बीउको लागि चैते ५, हाइब्रिड महेन्द्र ३०-३०, जी टेक लगायतका धान रोप्नुभएको थियो। उहाँको खेतमा कुल तीन सय ५० मुरी धान फल्थ्यो । जसमा दुई सय २५ मुरी तिहार अगाडि नै स्याहार्नुभएको थियो। अझै १५ रोपनी खेतको छ मुरी हुने धान काट्न बाँकी छ। तर काटिसकेको १८ रोपनी खेतको करिब ९५ मुरी धान भने पानीले डुबाएको छ।

खेताला लगाएर कात्तिक ९ गतेका धान काटेको धान पानीमा भिजेको हो। पानी नपरेको भए ११ गते नै थ्रेसरबाट उठाउने तयारी थियो। तर पानीले उहाँको धान मात्र डुबाएन, मेहनेत र पसिना समेत डुबाएको छ। "पानीमा धान उठाएर आउने रकमभन्दा उठाउन लाग्ने लागत बढी भएकोले उठाइन", घिमिरेले भन्नुभयो, "दुई लाख ६६ हजारको धान पानीमा डुबेको छ।" चौरासी फाँटको धान प्रतिमुरी दुई हजार आठ सयमा बिक्री हुँदै आएको छ।

किसान निराजन भण्डारीको पनि १९ रोपनी खेतमा काटेको धान भिजेको छ। "अब त धानमा टुसा आउने बेला भयो, त्यस्तो धान बिक्री नहुने समस्या हुन्छ," उहाँले भन्नुभयो, "पानीमा भिजेको पराल गाईवस्तुले पनि रुचाउँदैनन् ।" गत वर्षहरूमा पनि हल्का बादल मात्रै लाग्ने तर पानी नपरेका कारण आफूले धान काटेको उहाँको भनाइ छ। उहाँको खेतमा करिब ९० मुरी धान हुन्थ्यो। अब पानीमा भिजेसँगै उत्पादन धेरै कम हुने भट्टराईको भनाइ छ।

**काटिसकेको धान कसरी सुरक्षित गर्न सकिन्छ ?**

काटिसकेको धान वर्षामा थुप्रोमा राख्दा भिजेको 'फङ्गस' लाग्न सक्छ। त्यसकारण धान ढुङ्गा, प्लास्टिक वा परालमाथि राख्न कृषि ज्ञान केन्द्र कार्यालयले सुझाव दिएको छ।

त्यसैगरी अहिले धानलाई माथिबाट प्लास्टिकले छोप्ने र वर्षा रोकिएपछि तुरुन्तै सुकाउने, सावधानीपूर्वक धुवाँको ताप प्रयोग गर्ने, धानलाई हावा प्रसार हुने ठाउँमा राख्नेलगायतका उपाय अपनाएमा क्षति कम हुने कार्यालयले जनाएको छ।रासस

# च्याउखेती गरी मनग्य आम्दानी

कञ्चनपुर। शुक्लाफाँटा नगरपालिका-६ कसरौलका २९ वर्षीय वीरबहादुर रानाले आधुनिक प्रविधिबाट च्याउखेती गरेर गाउँमै आत्मनिर्भर किसानको उदाहरण प्रस्तुत गरेका छन्।



अठार महिने कृषि (जेटिए) अध्ययन गरेका रानाले हाइटेक टनेलमा मौसमी र बेमौसमी च्याउ उत्पादन गर्दै वार्षिक रु १५ लाखभन्दा बढीको च्याउ बिक्री गर्छन्। खर्च कटाएर उहाँले वर्षमा झण्डै रु १० लाख नाफा कमाउने गरेका छन्।

रानाले चिसो मौसममा कन्या र गर्मीमा मिल्की च्याउको खेती गर्छन्। मिल्की च्याउ डल्ला राखेको १५ दिनमा र कन्या च्याउ २० देखि २५ दिनमा तयार हुने उहाँको भनाइ छ। पिँकी च्याउको पनि उत्पादन गरे पनि बजार अभावका कारण हाल त्यो खेती स्थगित गरिएको रानाले बताउनुभयो।

महेन्द्रनगर र झलारी बजारमा बेमौसमी कन्या च्याउको थोक मूल्य प्रतिकिलो रु ३५० र मौसमी समयमा रु १०० मा बिक्री गरेको छभने मिल्की च्याउ प्रतिकिलो रु ४०० मा बिक्री हुने गरेको छ। माग बढेसँगै उहाँले बाह्य बजारमा पनि च्याउको आपूर्ति गर्दै आउनुभएको छ।

विवाह, भोजभतेर र चाडपर्वमा च्याउको माग बढी हुने गरेको छ। हाल उहाँले मोटरसाइकलमार्फत माग आएका ठाउँमा च्याउ ढुवानी गर्दै आउनुभएको छ। विसं २०७७ मा जेटिए अध्ययनका क्रममा विद्यालयमा पढेको ज्ञानलाई व्यवहारमा उतार्दै उहाँले घरकै गोठको एक कुनामा पहिलोपटक च्याउखेती गर्न सुरु गर्नुभएको थियो। घरमा उपलब्ध भाँडाकुँडामै पराल उमालेर, खटियामा सुकाएर २५ वटा परालका डल्ला बनाएर बीउ राख्दा राम्रो उत्पादन भएपछि उहाँले यसलाई व्यावसायिक रूपमा विस्तार गर्नुभयो।

पहिलो सफलतापछि उहाँले बाँसको झुपडीमा ५०० परालका डल्ला राखेर मौसमी च्याउखेती सुरु गर्नुभयो। बजारमा सहज बिक्री भएपछि व्यवसाय विस्तारको हौसला मिलेको उहाँले सम्झनुभयो। हाल रानासँग च्याउखेतीका लागि फलामका छवटा हाइटेक टनेल रहेका छन्। छवटै टनेलमा निरन्तर बाह्रै महिना च्याउ उत्पादन भइरहेको छ। पराल काट्न, उमाल्न र सुकाउन आधुनिक मेसिनको प्रयोग हुने गरेको छ। केही उपकरण र टनेल अनुदानमा प्राप्त भए पनि धेरैजसो उपकरण उहाँले आफ्नै आम्दानीबाट खरिद गर्नुभएको हो।

आधुनिक प्रविधिको प्रयोगले समय, जनशक्ति र खर्च तीनैमा बचत हुने उहाँको भनाइ छ। च्याउ उत्पादनमा उहाँका श्रीमतीसहित घर परिवारका सदस्यले साथ दिने गरेका छन्। कामको चाप अधिक भएका बेला कामदारलाई ज्यालादारीमा राखेर काम लिने गरेका छन्।

"बिक्री नभएको च्याउ सुकाएर दोब्बर मूल्यमा बेच्न सकिन्छ", उहाँले भन्नुभयो, "त्यसका लागि अहिले आधुनिक इलेक्ट्रोनिक ड्रायर खरिद गर्ने योजना बनाएको छु।" हाल उहाँको च्याउ उत्पादनमा झण्डै रु २० लाख बराबरको लगानी रहेको छ। भविष्यमा लगानी बढाएर डल्ले च्याउको उत्पादन सुरु गर्ने तयारीमा उहाँ हुनुहुन्छ।रानाले च्याउखेतीमा गुणस्तरीय बीउको प्रयोग अत्यावश्यक रहेको बताउनुभयो। "बीउ राम्रो भए उत्पादन बढी हुन्छ, कमसल बीउ भए फसल पनि कमजोर हुन्छ", उहाँले भन्नुभयो, "त्यसैले बीउ उत्पादकहरूले गुणस्तरमा ध्यान दिनुपर्छ।"

च्याउमा पनि अन्य बालीजस्तै रोगब्याधि लाग्ने भएकाले समयमै उपचार आवश्यक हुने रानाको भनाइ छ। उहाँले विद्यालयमा सिकेको कृषि ज्ञानले नै आजको सफलताको बाटो देखाएको बताउनुभयो। "च्याउखेतीलाई अझै विस्तार गर्न आधुनिक तालिम र प्रविधिको आवश्यकता छ", उहाँले भन्नुभयो, "कृषिसम्बन्धी निकायले त्यसमा चासो देखाउनुपर्छ ।"हालसम्म आफ्नै प्रयासमा च्याउखेती विस्तार गर्दै आउनुभएका राना अन्य युवाका लागि पनि प्रेरणाको स्रोत बनेका छन्। गाउँमा बस्दै आधुनिक प्रविधिबाट सफल हुन सकिन्छ भन्ने सन्देश उहाँको सफलताले दिएको छ।रासस

# जनस्वास्थ्य प्रयोगशालाका कर्मचारी सेवा निरन्तरताको माग गर्दै आन्दोलनमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशभरका विभिन्न पालिकामा स्थापना गरिएको जनस्वास्थ्य प्रयोगशालामा कार्यरत कर्मचारीहरू सेवा निरन्तरताको माग गर्दै आन्दोलनमा उत्रिएका छन् ।




प्रदेश सरकारले हालसम्म मधेशका १ सय ३६ पालिकामा जनस्वास्थ्य प्रयोगशाला स्थापना गरी स्थानीय स्तरमै स्वास्थ्य परीक्षण सेवा सञ्चालनमा ल्याएको छ । ती प्रयोगशालामा कार्यरत २ सय ७२ कर्मचारीहरूले आफ्नो सेवाको निरन्तरता सुनिश्चित गर्न माग गर्दै विभिन्न माध्यमबाट आवाज उठाएका हुन् ।

ग्रामीण क्षेत्रमा नसर्ने रोगहरूको प्रकोप बढ्दै गएको अवस्थामा जनस्वास्थ्य प्रयोगशालाको सेवाले रोगको पहिचान र निदानमा महत्वपूर्ण भूमिका खेलेको देखिएको छ । प्रदेश जनस्वास्थ्य प्रयोगशालाले सञ्चालनमा आएपछि जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा सस्तो र स्थानीय तहमै उपलब्ध गराइरहेको छ । स्वास्थ्य सेवा विशेषज्ञहरूका अनुसार यी प्रयोगशालाले समयमा रोग पहिचान गर्न र उपयुक्त उपचार सुरु गर्न मद्दत पुर्याइरहेको छ । यसले महामारी र स्वास्थ्य संकटको जोखिम कम गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

कर्मचारीहरूले प्रदेश सरकारसँग बैठक गरी तत्कालीन नीति र सेवा निरन्तरता सुनिश्चित गर्न पहल गर्न दबाब दिएका छन् । साथै सामाजिक सञ्जाल र स्थानीय आन्दोलनमार्फत आफ्नो मागलाई जनसमक्ष ल्याइरहेका छन् ।

# दलित बालबालिकाको विद्यालय सहभागिता बढाउन 'घरदैलो' अभियान

**दैलोमा आएर नियमित विद्यालयमा विद्यार्थी पठाउन विद्यालयका प्रअ शिक्षकहरुले आएर दिएको जनचेतनाले अब नियमित विद्यालय पठाउने स्थानीय अभिभावक रामउद्गार मरिकले प्रतिबद्धता व्यक्त गर्दै भने, "निम्न वर्गका समुदायलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको महसुस पनि भयो ।"**

**टुडे समाचारदाता**

सिरहा । यहाँका सामुदायिक विद्यालयमा अध्ययन गर्ने अधिकांश विद्यार्थी दलित र विपन्न समुदायका भए पनि उनीहरूको विद्यायलमा नियमित उपस्थिति नदखिएपछि लहान-११ स्थित पिडरबोनी माध्यमिक विद्यालयले शैक्षिक जागरणको 'घरदैलो' अभियान सुरु गरेको छ ।



प्रधानाध्यापक र शिक्षकहरूको टोली अहिले दलित बस्तीमा पुगेर अभिभावकहरूलाई आफ्ना बालबालिकालाई नियमित विद्यालय पठाउन प्रेरित गरिरहेको छ ।

प्रधानाध्यापक वीरेन्द्रकुमार यादवले विद्यालयको जिम्मेवारी सम्हालेको तीन महिनाको अवधिमा अधिकांश दलित समुदायका विद्यार्थीहरू बढी अनुपस्थित रहने गरेको पाइएपछि त्यसलाई सुधार गर्न यो अभियान थालिएको बताए । उनले भने, "प्रधानाध्यापक भएर आएको तीन महिनाको समयमा विद्यार्थी सङ्ख्या हेर्दा अधिकांश दलित समुदायका विद्यार्थीहरू रहेका पाइयो । चाहे अनुसारको शैक्षिक सुधार गर्न कठिनाइ भएपछि दलित बस्तीमा पुगेर त्यहाँका बालबालिकालाई नियमित विद्यालय पठाउन उत्प्रेरित गरिरहेका छौं ।"

अभियानका क्रममा दलित बस्तीमा सामाजिक चेतनाको अभावका कारण बालबालिकाहरू विद्यालय पठाउन उत्सुक अभिभावक नपाइएको प्रधानाध्यापक यादवको भनाइ छ । समाजमा पछि परेका समुदायहरूलाई मुक्ति दिलाउने एक मात्र हतियार शिक्षा भएको भन्दै उनले सम्पूण सरोकारवालाहरूलाई चेतना अभिवृद्धि गर्नतर्फ अग्रसर भइदिन आग्रह गरे ।

दैलोमा आएर नियमित विद्यालयमा विद्यार्थी पठाउन विद्यालयका प्रअ शिक्षकहरूले आएर दिएको जनचेतनाले अब नियमित विद्यालय पठाउने स्थानीय अभिभावक रामउद्गार मरिकले प्रतिबद्धता व्यक्त गर्दै भने, "निम्न वर्गका समुदायलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको महसुस पनि भयो ।"

दलित अगुवा तथा लेखक राजेश राम विद्रोहीका अनुसार मधेश प्रदेशका डुम र मुसहर समुदायका बालबालिकाहरू अझै पनि विद्यालयभन्दा टाढा रहेका छन् । दलित विद्यार्थीलाई विद्यालयमा नियमित गराउने सम्बन्धमा पिडरबोनी माविको प्रयासको प्रशंसा गर्दै उनले मधेश प्रदेशका डुम र मुसहर समुदायका बालबालिकाहरू अहिले पनि बाल श्रमिक र बालविवाहको जोखिममा रहेकाले यस्तै किसिमको जनचेतना सबै सामुदायिक विद्यालयले दलित बस्तीहरूमा फैलाउनुपर्नेमा जोड दिए ।

दलित विद्यार्थीलाई विद्यालयमा नियमित गराउन नगरले पनि चासो दिएको छ । त्यसका लागि नगरले यस वर्षदेखि दलित बालबालिकालाई निःशुल्क कपी-पेन्सिल वितरण र दलित बस्तीमा ४१ वटा ट्युसन कक्षा सञ्चालनको व्यवस्था गरेको लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले जानकारी दिए । "पिडरबोनी विद्यालयले सुरु गरेको अभियानलाई हामी नगरका सबै ५९ सामुदायिक विद्यालयमा विस्तार गर्दैछौं," चौधरीले बताए ।

# वीरगञ्ज नाका हुँदै तीन महिनामा आठ अर्ब ७० करोडका सवारीसाधन भित्रियो

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको तीन महिनामा रु आठ अर्ब ७० करोड मूल्य पर्ने विभिन्न थरिका सवार ीसाधन भित्रिएका छन् । वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको तीन महिनामा सवारीसाधनको आयातबाट रु सात अर्ब ७७ करोड राजस्व सङ्कलन भएको छ ।




वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको तीन महिनामा सवारीसाधनको आयात र सोबाट प्राप्त हुने राजस्व दुवैमा वृद्धि भएको जानकारी दिए ।

जबकी गत आवको तीन महिनामा भने रु छ अर्ब १९ करोड मूल्य पर्ने विभिन्न थरिका सवार ीसाधन आयात भएका थिए । गत आवको तीन महिनामा सवार ीसाधनको आयातबाट पाँच अर्ब ९५ करोड राजस्व सङ्कलन भएको थियो ।

चालु आवको तीन महिनामा रु तीन अर्ब ४१ करोड मूल्य पर्ने २४ हजार नौ सय ३९ वटा अनएसेम्बल्ड मोटरसाइकल आयात भएको छ । ती अनएसेम्बल्ड मोटरसाइकलको आयातबाट तीन अर्ब २८ करोड राजस्व सङ्कलन भएको छ ।

त्यस्तै गत आवको तीन महिनाको अवधिमा भने रु दुई अर्ब ४९ करोड मूल्य पर्ने १९ हजार चार सय ८९ अनएसेम्बल्ड मोटरसाइकल आयात भएको थियो । चालु आवको तीन महिनामा रु ६२ करोड २४ लाख मूल्य पर्ने तीन सय ३० जीप, कार र भ्यानको आयात भएको छ ।

ती सवारीसाधनको आयातबाट रु एक अर्ब ७५ करोड राजस्व सङ्कलन भएको छ । गत आवको तीन महिनाको अवधिमा भने रु ७६ करोड ५८ लाख मूल्य पर्ने चार सय ३२ जीप, कार र भ्यानको आयात भएको थियो । सो आवमा ती सवार ीसाधनको आयातबाट भने रु एक अर्ब ९६ करोड राजस्व सङ्कलन भएको थियो ।

चालु आवको तीन महिनामा वीरगञ्ज नाका हुँदै रु ६८ करोड ५ लाख मूल्य पर्ने दुई सय २९ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन् । ती विद्युतीय जीप, कार र भ्यान आयातबाट ४५ अर्ब ७२ लाख राजस्व सङ्कलन भएको छ ।

गत आवको तीन महिनाको अवधिमा भने वीरगञ्ज नाका हुँदै रु १४ करोड ४९ लाख मूल्य पर्ने ९७ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको थियो । सो अवधिमा विद्युतीय सवारीसाधनआयातबाट रु नौ करोड ११ लाख मात्रै राजस्व सङ्कलन भएको थियो ।

# चोरीको मोटरसाइकल सहित दुईजना पक्राउ

**सञ्जय मिश्रा**

रौतहट । रौतहटको पश्चिमिभेग फतुवा बिजयपुरमा चोरीको मोटरसाईकल सहित दुईजना पक्राउ परेका छन्। फतुवा बिजयपुर नगरपालिका-८ स्थित बिजयपुर चौक नजिक चोरीको शंका लागेका मोटरसाइकल बिक्री गर्न खोज्ने दुईजना पक्राउ परेका हुन् ।

इलाका प्रहरी कार्यालय लक्ष्मिनीया, बिजयपुरका प्रमुख इन्स्पेक्टर सुरेन्द्र यादवको कमाण्डमा खटिएको टोलीले आइतबार राति करिब साढे ८ बजे दुई जनालाई मोटरसाइकलसहित नियन्त्रणमा लिएको हो ।

रौतहट प्रहरी प्रमुख एसपी रबिन कार्कीका अनुसार मधेश प्रदेश ०५-००१ प ०३९१ र ह्यच ०६ ऋल ८८५२ नम्बरका दुई मोटरसाइकलमा आएका ती व्यक्तिहरू स्थानीयहरूसँग सवारी बिक्रीको लागि कुरा गर्दै गरेका थिए। उनीहरू माथि शंका लागेपछि स्थानीयले प्रहरीलाई जानकारी गराएका थिए ।

सूचना पाएलगत्तै प्रहरी टोली घटनास्थल पुगेको र बिजयपुर चौकबाट करिब १०० मिटर पूर्वतर्फ रमेश भट्टराईको घर नजिक दुबै जनालाई मोटरसाइकलसहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेहरूमा रौतहटको चन्द्रनिगाहपुर नगरपालिका-८, बेतावना टोलका ३४ बर्षीय रामलाल पासवान र कटहरिया नगरपालिका-५, बलिरामपुर टोलका ४९ बर्षीय परमानन्द महतो भन्ने प्रेम महतो रहेको एसपी कार्कीले जानकारी दिएका छन् ।

मोटरसाईकल सहित पक्राउ परेका दुबै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान तथा कानूनी प्रक्रिया अघि बढाइएको इलाका प्रहरी कार्यालय लक्ष्मिनीया, बिजयपुरले जनाएको छ ।

एसपी कार्कीले जिल्ला प्रहरी प्रमुखको जिम्मेवारी सम्भालेदेखि रौतहटमा प्रहरीले सक्रियता बढाएको स्थानीयहरूले बताएका छन् ।

# सामाचकेवा महोत्सवमा सखी बहिनपा प्रथम

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधामको जानकी मन्दिरमा सम्पन्न भएको सामा चकेवा महोत्सव २०८२ प्रतियोगितामा सखी बहिनपा समूह प्रथम भएको छ ।

जनकपुरधाममा सोमबार सम्पन्न भएको सामा चकेवा महोत्सव अन्तर्गतको प्रतियोगितामा दोश्रो स्थान मिथिलेश्वर सामा समूह र तेश्रो स्थान ब्रह्मर्षि समाज जनकपुरले हासिल गरेको छ ।

मिथिलाको कला सँस्कृतिको संरक्षण संवर्द्धनका लागि आयोजना गरिएको उक्त महोत्सवमा यस क्षेत्रका १३ वटा दिदीबहिनीको समूहले समाचकेवा खेल प्रतियोगितामा सहभागिता भएको मैथिली विकास कोषले जनाएको छ ।



१३ वटा समूहमध्ये विजेता हुने प्रथम, द्वितीय र तृतीय समूहलाई क्रमशः ११ हजार, सात हजार, पाँच हजार नगद र सहभागी समूहलाई सान्त्वना स्वरुप एक हजार रुपैयाँ नगद एवं प्रमाणपत्रसमेत प्रदान गरिएको मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले जानकारी दिए ।

उक्त कार्यक्रममा राजर्षिजनक विश्वविद्यालयका उपकुलपति डा. अमर यादव, पूर्वमन्त्री रामसरोज यादव, मधेश प्रदेशसभा सदस्य रामअशिष यादव, जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज साह, जानकी मन्दिरका महन्त राम तपेश्वर दास, मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोष कापडिलगायतका व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

# हैजा संक्रमण फैलिएको सदा टोल छैन शौचालय

**टुडे समाचारदाता**

राजविराज । झाडापखालाले तीन जनाको मृत्यु भएको सप्तरीको छिन्नमस्ता गाउँपालिका-५ स्थित सदा टोल नै शौचालय नै छैन । अतिविपन्न ९० परिवारको बसोवास रहेको यहाँका ३३ वर्षीय बुचन सदाले झाडापखालाबाट आठ दिनको अन्तरमा परिवारका तीन सदस्य गुमाएका छन् ।



झाडापखालाले अझै ८० जना ग्रसित रहेको टोलमा एउटा पनि शौचालय छैन । त्यहाँका स्थानीयहरू छेउकै पोखरीको डिल र लुकीछिपी अर्काको खेतबारीमा शौच गर्न बाध्य छन् ।

महिलाले त झन् शौच गर्नका लागि एकाबिहानै उठ्नुपर्ने बाध्यता खेपिरहेकी छन् । स्थानीय रानी सदाले दुखेसो पोख्दै बालबालिकाले घर छेउछाउमै शौच गर्ने गरेको भनिन् । भारतको पञ्जाब र मुम्बईमा कमाएर परिवारको गुजारा चलाउँदै आएका उनीहरूले आर्थिक अभावका कारण शौचालय बनाउन नसकेको ५० वर्षीय घुरन सदाले बताए ।

वर्षाको पानी निकास नहुँदा खानेपानीका लागि जडान गरिएका तीनमध्ये एउटा चापाकल अझै डुबानमा छ । बाँकी दुई वटा चापाकल पनि हिलाम्य छन् । त्यहीं चापाकलबाट उनीहरू पानी पिउनेदेखि नुहाउने, लुगा धुने र भाँडा माझ्दै आएका छन् । टोलको साँघुरो बाटो हिलाम्य रहँदा हिँड्डुल गर्न समस्या रहेको छ ।

यस टोलमा झाडापखालाले तीन जनाको मृत्यु भइसकेपछि गत शुक्रबार मात्र थाहा पाएको गाउँपालिकाले साबुन, नेल कटर, सेनिटाइजरलगायतका सामग्री वितरण गरे पनि सरसफाइ भने अझै गराएको छैन । टोलका ठाउँठाउँमा फोहोर थुप्रिँदा दुर्गन्धित छ ।

सदा टोलदेखि एक किलोमिटरकै दूरीमा रहेको स्वास्थ्य चौकी कोचाबखारी (लोखरम) मा बर्थिङ सेन्टरसम्म सञ्चालनमा रहे पनि त्यहाँसम्मको बाटो हिलाम्य रहँदा एम्बुलेन्स पुग्ने अवस्था छैन ।

स्वास्थ्य चौकीका प्रमुख सिनियर अहेब आलोक रञ्जन झाले भने, 'वार्षिक १८ जनालाई सुत्केरी गराउने हाम्रो लक्ष्य रहे पनि यहाँसम्म एम्बुलेन्स नआउँदा तीन महिनायता दुई जना मात्र सुत्केरी आउनुभएको छ ।'

ऐलानी जग्गामा बसोबास गरिरहेका सदा समुदायले नै चन्दा संकलन गरेर २०६१ सालमा स्थापना गरेको दलित राष्ट्रिय प्राथमिक विद्यालय लोखरमको अवस्था पनि बेहाल छ । त्यसअघि दुई वटा कोठामै बहुकक्षा (चार वटा कक्षा) सञ्चालन हुँदै आएको त्यहाँ ०८१ मा मधेश प्रदेश सरकारले दुई कोठे विद्यालय भवन बनाइदिए पनि अधूरै छ । कक्षा ४ सम्म पठनपाठन हुने त्यस विद्यालयमा सदा समुदायका १ सय ३४ जना बालबालिका अध्ययरत छन् । तर भवन बालमैत्री छैन भने त्यहाँ पनि शौचालय र चापाकल छैन । पुरानो विद्यालय भवनमा रहेको चापाकल पनि हिलाम्य छ । पाँच जना दरबन्दी रहेको त्यस विद्यालयमा राहत, पिसिएफ र बालविकासमा चार जना शिक्षक मात्रै छन् ।

टोलका ८० जना झाडापखालाले प्रभावित हुँदा पनि अहिलेसम्म ९ जनाको मात्रै आरडीटी (र्‍यापिड डायग्नोस्टिक टेस्ट) भएको छ । तीमध्ये ४ जनामा हैजा पोजिटिभ देखिएको गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सिनियर अहेब दिपेन्द्रप्रसाद यादवले बताए ।

उनले वडा सदस्य ६५ वर्षीया अरहुलियादेवी सदा र आरडीटीमा पोजिटिभ देखिएका सुरज सदाका ३ वर्षीय छोरा मनिष, शिवकुमार सदाका ७ वर्षीय छोरा अमन र सुबोध सदाकी ३० वर्षीया पत्नी रेखादेवी सदा गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा भर्ना भएको बताए ।

पखाला लागेर सिकिस्त भएकी वडा सदस्य अरहुलियालाई आइतबार राति भर्ना गरिएको छ । उनीहरूको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पताल मेडिकल सुपरिन्टेन्डेन्ट डा. प्रकाश साहले बताए ।

गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले पालिकाका अधिकांश सर्वसाधारण आर्थिक र सामाजिक रूपमा पछाडि परेका कारण सबै ठाउँमा शौचालय बनाउन नसकेको बताए ।

# निरन्तरको वर्षाले धानबालीमा ठूलो क्षति, किसान चिन्तित

**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेशका विभिन्न जिल्लामा तीन दिनदेखि निरन्तर परेको वर्षाले भित्र्याउन तयार अवस्थामा रहेको धानबालीमा अत्यधिक क्षति पुर्याएको छ । खासगरी पाकेको धान खेतमै डुब्दा किसानहरू आक्रोशित र चिन्तित बनेका छन् ।

महादेवा गाउँपालिका-१ स्थित सोनराका रमेश मण्डलका पाँच कठ्ठा धान वर्षाको पानीमा डुबेर नष्ट भएको छ । उनले वर्षाबाट ठूलो आर्थिक घाटा भएको भन्दै दुःख व्यक्त गरे ।

त्यसैगरी, तिलाठी कोइलाडी गाउँपालिका-७ का गुलाव रामका दस कठ्ठा धान काटेर खेतमै राखेको अवस्थामा वर्षाले डुबेर लाखौं रुपैयाँ बराबरको क्षति पुगेको छ । पीडित स्थानीय किसान नित्यानन्द सिंहले पनि वर्षाका कारण काटेर राखेको धान बर्बाद भएको जानकारी दिए ।

कृषक राजकुमार यादवले भने, 'धान पानीले भिजेपछि मेहनत र लगानी दुवै खेर गएको छ । अब केही गर्न सकिँदैन ।' बिहीबारदेखि सामान्य वर्षा भए पनि शुक्रबार रातिदेखि शनिबारसम्म निरन्तर मुसलधारे वर्षा भएपछि धानबालीमा ठूलो क्षति पुगेको कृषि जानकार दीपेन्द्र माझीले बताए ।

स्थानीय किसान बेचन यादवले भने, 'निरन्तर वर्षाले पाकेको धान बर्बाद भयो, ठुलो मारमा परेको छौं, अब जीवन चलाउने अवस्था कष्टकर बनेको छ ।' वर्षाले छिटो पाक्ने कतरनी, साइठी, कान्छी जातका धानलाई सबैभन्दा बढी असर पुगेको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किसुनदेव राउतले बताए ।

उनका अनुसार बासमती, चनन्चुर, कान्छी लगायतका जातका धान पूर्णरूपमा नपाके पनि बोट ढलेर डुबेका कारण यस वर्षको उब्जनीमा ठूलो कमी आउन सक्ने अनुमान छ ।

तिलाठी कोइलाडी-६ का अशोक यादवले भने, 'धान काट्न तयार थियो । तर, वर्षा र बाढीको पानीले बोट समेत ढलेर नष्ट भयो, हाम्रो मेहनत र लगानी दुवै खेर गएको छ ।'किसान शिवनारायण यादवले पनि खेत पानीले भरिएको र काटेर थन्क्याउने बेलाको धान डुबेर नष्ट भएको बताए । उनले भने, 'अब वर्षभरि के खाने र कसरी जीवन चलाउने भन्ने ठूलो समस्या खडा भएको छ ।' यसैगरी, स्थानीय वासुदेव यादवले खेतबारी र करेसाबारीमा लगाएका तरकारी बाली पनि वर्षाले नष्ट भएको जानकारी दिए ।

**समयमै बसाईँसराइ दर्ता गरौं ।**

**बसाइँ सरेर जाँदा चाहिने कागजातहरु:**

- लगत हस्तान्तरण फाराम,
- बसाइँसराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्षभन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र,
- बसाइँसराइ गर्नेको सबै प्रकारका व्यक्तिगत घटनाको दर्ता प्रमाणपत्र,
- बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन ।

**बसाइँ सरेर आउँदा चाहिने कागजातहरु:**

- लगत हस्तान्तरण फाराम,
- सूचकको नागरिकता ।

**सम्बन्धित स्थानीय तहमा ३५ दिनभित्र बसाइँ सराइको दर्ता गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८